वर्ष : १६, अंक : १२, काठमाडौं, २०७७ असार १९ गते शुक्रबार, 3 July 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००|- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## नागरिकता विधेयकमा कांग्रेसको रणनीति

# मधेशी जनमत फर्काउने कसरत

**मधेशवाणी डेस्क**

काठमाडौं । मुख्य प्रतिपक्षी नेपाली कांग्रेसले वैवाहिक अंगीकृत नागरिकतामा अहिलेकै कानुनी व्यवस्थालाई निरन्तरता दिनुपर्ने निर्णय गरेको छ । प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिले वैवाहिक अंगीकृत नागरिकतामा सात वर्षको प्रावधानसहित नागरिकता ऐन २०६३ संशोधनसम्बन्धी विधेयक बहुमतले पारित गरेपछि कांग्रेसले विरोध जनाउँदै आएको छ ।

'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले पाउने वैवाहिक अंगीकृत नागरिकता सम्बन्धमा प्रस्तावित संशोधन नेपालमा नागरिकता सम्बन्धमा संवैधानिक र कानुनी व्यवस्था भएको दिनदेखि कायम रहेको व्यवस्थाविपरीत र राजनीतिक, सामाजिक, सांस्कृतिक मान्यता विपरित छ', केन्द्रीय कार्यसमिति बैठकको निर्णयमा भनिएको छ, 'यस्तो संशोधनका कारण नागरिकता प्राप्तिका विषयमा थप संवैधानिक, सामाजिक एवं पारिवारिक जटिलताहरूसमेत सृजना हुन सक्ने प्रबल सम्भावना रहन्छ ।'



कांग्रेसले 'संविधानविपरीत'को नागरिकता संशोधन विधेयक फिर्ता लिन सरकारसँग मागसमेत गरेको छ ।

समितिमा बहुमत सदस्य नेकपाका भएकाले सात वर्षे प्रावधानसहित विधेयक बहुमतबाट पारित भयो । संविधान र प्रचलित कानुनमा विद्यमान व्यवस्थालाई निरन्तरता दिनुपर्ने पदाधिकारी बैठकको निर्णयअनुसार समितिमा रहेका कांग्रेस सदस्यले विधेयकमाथि फरक मत राखे ।

दक्षिण एसियाली मुलुकमै अंगीकृत नागरिकताबारे कडा कानुनी प्रावधान रहेकाले नेपालले पनि विद्यमान कानुनी व्यवस्थामा संशोधनका पक्षमा उभिनुपर्ने माग उठेको छ । संशोधित व्यवस्थाले संवैधानिक, सामाजिक एवं पारिवारिक जटिलता थपिने पार्टीको भनाइप्रति कतिपय नेताले सार्वजनिक रूपमै विरोध जनाएका छन् ।

अंगीकृत नागरिकतामा विद्यमान व्यवस्था परिमार्जन गर्दा मधेशको जनमत बिग्रने र पार्टीको आसन्न महाधिवेशनमासमेत असर पार्नसक्ने चिन्ता कांग्रेसका शीर्ष नेतामा छ । भारतीय पुरुषसँग बिहे गरेर जाने नेपाली चेलीले नागरिकताका लागि ७ वर्ष कुर्नुपर्दा नेपाल-भारत सम्बन्ध नबिग्रिने तर नेपाली पुरुषसँग बिहे गरेर आउने विदेशी बुहारीका लागि नागरिकता प्राप्त गर्न ७ वर्षे प्रावधानले दुई देशबीचको सम्बन्ध बिग्रने प्रश्न काँग्रेस नेताहरुको छ । त्यसैले उसले आफ्नो बलियो जनमत मधेशमा रहेको विश्वास गर्दै आएको छ । संघीय संसदको निर्वाचनमा प्रत्यक्षतर्फ २३ सिट जितेको कांग्रेसले १६ सिट मधेशबाट हासिल गरेको छ भने हिमाल र पहाडमा जम्मा ७ सिट । काठमाडौंमा ४, उदयपुर, रसुवा र डडेलधुरामा एक्‌एक गरी ७ सिट मधेशबाहेकका क्षेत्रबाट हासिल गरेको थियो ।

महाधिवेशनमा पनि सबैभन्दा बढी मधेशबाटै प्रतिनिधित्व गर्ने भएकाले पनि कांग्रेसका अधिकांश नेता नेपाल नागरिकता ऐन २०६३ कै व्यवस्थाका पक्षमा देखिएका हुन् । कहीं न कहीं नागरिकतामा कडाइ गर्नुपर्छ भन्नेमा शीर्ष नेताहरू पनि छन् तर पार्टीको जनमत बिग्रिने र आसन्न महाधिवेशनमा पनि प्रभाव पार्न सक्ने भयले काम गरेको देखिन्छ । त्यसैले नेताहरु जोखिम मोल्ने पक्षमा देखिदैनन् । कांग्रेसलाई अर्को चिन्ता जनता समाजवादीसहितका क्षेत्रीय दलसँग पनि । विशेष गरी प्रदेश २ मा बलियो प्रभाव रहेको जसपाले नागरिकताको विषयलाई जनताका बीचमा लैजाने र आफू विरुद्धमा जनमत बन्न सक्ने चिन्ता पनि कांग्रेस नेतामा देखिन्छ ।

कांग्रेसका कतिपय नेताले भने भारतसँग प्रधानमन्त्री केपी ओलीको सम्बन्धमा थप तिक्तता ल्याउन सुनियोजित रुपमा विधेयक अगाडि सारिएको दाबी गर्छन् । 'दुई वर्षसम्म थाति थियो, यतिबेला भारतसँग सम्बन्ध चिसिएको बेलामा एकाएक विधेयक अगाडि ल्याउनुको पछाडि यो पनि कारण हुनसक्छ,' कांग्रेसका एक नेताले भने, 'तर यो रोक्ने सामर्थ्य प्रधानमन्त्रीमा देखिएन । यसले मधेशमा भड्काउवाला शक्तिलाई बल पुगेको छ ।' राज्य व्यवस्था समितिबाट पारित विधेयक संसदमा पुगेको छ । कांग्रेसले संसदबाट पारित हुनुअघि सहमतिका लागि पहल गर्न सरकारसँग आग्रह गरेको छ ।

मधेशबाट प्रतिनिधित्व गर्ने नेता तथा सांसदको जोड नागरिकता विधेयकको विरोधमा सडक र सदन दुवै मोर्चामा कांग्रेसको अगुवाइ हुनुपर्ने पक्षमा छ । ०६२/०६३ को जनआन्दोलन र मधेश विद्रोहको पृष्ठभूमिमा आएको नागरिकता ऐन २०६३ ले नेपाली पुरुषले विवाह गरेकी विदेशी महिलाले चाहे अंगीकृत नागरिकता तत्काल लिन सक्ने व्यवस्था गरेको छ । अहिले त्यस्तो प्रावधान हटाएर सात वर्षको सर्त अघि सारिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## नेकपालाई दुई तिहाइ पचेन : भट्टराई

काठमाडौं । सजपाका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी नेकपालाई दुई तिहाई नपचेको टिप्पणी गरेका छन् । नेकपामा प्रधानमन्त्री र अध्यक्ष पदबाट केपी शर्मा ओलीले राजीनामा दिनुपर्ने दबाबपछि विकसित राजनीतिक घटनाक्रम र संसद अधिवेशन अन्त्य भएका बेला पूर्वप्रधानमन्त्री भट्टराईले उक्त टिप्पणी गरेका हुन् । 'कुनैकुनै प्राणीलाई घ्यू पच्दैन रे! हाम्रा कमरेडहरूलाई पनि दुईतिहाई करिब बहुमतको सरकार नपचेको जस्तो छ,' सामाजिक सञ्जाल ट्विटरमार्फत भट्टराईले भनेका छन्, 'त्यो अजीर्णताले संसद र लोकतन्त्रलाई नै हानी गर्ने हो कि भन्ने खतरा बढी गम्भीर भो!' भट्टराईले त्याग र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नगुमोस् भन्दै खबरदारी गर्नुपर्ने बताएका छन् ।

## राउतको भैंसी जुलुस

सिरहा । सरकारले ल्याएको नागरिकता विधेयकको विरोध डा.सीके राउत नेतृत्वको जनमत पार्टीले पनि गरेको छ । पार्टीका कार्यकर्ताहरुले सिरहाको औरही गाउँपालिकामा विधेयकविरुद्ध भैंसी जुलुसमा निकालेका छन् ।

विधेयक मधेशविरोधी भएकाले विरोधस्वरुप भैंसी जुलुस निकालिएको पार्टीका नेता रामकरण यादवले जानकारी दिए । ओली सरकारलाई 'भैंसी सरकार'को संज्ञा दिँदै विधेयक खारेज नगरे मधेशभर कडा आन्दोलन गरिने उनले बताए ।

## प्रधानमन्त्रीले अचानक गरे संसद अधिवेशनको अन्त्य

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्र चर्कँदै गएको आन्तरिक कलहले गम्भीर मोड लिए पछि प्रधानमन्त्री केपी शर्मा ओलीले अचानक संसद्‌को चालु अधिवेशन अन्त्य गर्न सिफारिस गर्ने निर्णय लगत्तै राष्ट्रपतिबाट अधिवेशन अन्त्य भएको छ ।

प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षसँग सामान्य परामर्श पनि नगरी अचानक अधिवेशन गर्नुलाई अर्थपूर्ण रुपमा लिइएको छ । अधिवेशन अन्त्यका बारेमा प्रधानमन्त्रीले पार्टीभित्र पनि कुनै छलफल गरेनन । अधिवेशन अन्त्य गरिएकोमा विपक्षी कांग्रेसले समेत आपत्ति जनाएको छ । प्रधानमन्त्री ओलीले संसद अधिवेशन अन्त्य गरेर केही कदम चाल्नका लागि अनुकुल परिस्थिति निर्माण गर्न खोजेको आशंका गरिएको छ । परिस्थिति थप गम्भीर हुने अनुमान गरिएको छ ।

मन्त्रिपरिषद्‌को सिफारिशमा राष्ट्रपति भण्डारीले संघीय संसदको बजेट अधिवेशन अन्त्य गरेकी हुन । राष्ट्रपति कार्यालय शीतलनिवासले मन्त्रिपरिषद्‌को सिफारिस अनुसार बिहीबार अपराह्न ५ बजेदेखि अधिवेशन अन्त्य गरेको सूचना संघीय संसदलाई जानकारी दिएको छ । यसअघि आजै बसेको मन्त्रिपरिषद् बैठकले संघीय संसदको अधिवेशन अन्त्य गर्न सिफारिस गरेको थियो ।

मन्त्रिपरिषद बैठकअघि प्रधानमन्त्री ओलीले राष्ट्रपति भण्डारीसँग भेटवार्तासमेत गरेका थिए ।

वैशाख २६ गते शुरु भएको संसदको बजेट अधिवेशन सर्वाधिक चर्चामा रहेको एमसीसी सम्झौताबारे कुनै पनि निर्णय नगरी अन्त्य भएको छ । सामान्यतया संसद राति १२ बजेदेखि अन्त्य हुने सूचना आउने गरेकोमा यो पटक भने अपराह्न ५ बजे नै अन्त्य भएको सूचना जारी भएको छ ।

**समय सन्दर्भ**

**नागेश्वर साह**



## राजनीतिक अवसर वंशज मधेशी महिलाले मात्र पाउनुपर्छ

नागरिकता विधेयकको विरुद्धमा जसपा र कांग्रेसका नेताहरुले आन्दोलन गरिरहेका छन् । उहाँहरुले सबभन्दा पहिला नागरिकता विधेयक अध्ययन गर्नुपर्‍यो । यो विधेयकले कसरी मधेशलाई मात्रै विभेद गरेको छ भन्ने कुरा प्रष्ट्याउनुपर्छ । नागरिकताको विधेयकमा धेरै राजनीति भयो । कतिपय दलहरुले नागरिकताको मुद्दालाई एउटा राजनीतिक एजेन्डाको रुपमा मात्रै प्रयोग गर्दै आएका छन् । नागरिकताको मुद्दा राज्यको नीति कस्तो हुनुपर्छ, मधेशमा यसको प्रभाव कस्तो पर्छ लगायतका विषयमा बहस हुनु आवश्यक छ । मेरो विचारमा विदेशी बुहारीलाई सातवर्षे प्रावधान उपयुक्त छ । तर अंगीकृत नागरिकलाई अन्य अधिकारहरु कटौती गर्नुहुन्न । अंगीकृतलाई नागरिकता दिनुपर्छ तर राजनीतिक अधिकार दिनु हुन्न । अंगीकृत नागरिकले वंशज नागरिकका अधिकार खोसेको कुराहरु पनि आउन थालेका छन् ।

प्रदेश २ कै सांसदहरुको कुरा गर्ने हो १०-११ जना महिला सांसदहरु अंगीकृत नागरिकताधारी छन् । यहाँसम्म कि अंगीकृत महिलाले मन्त्री पनि पाएका छन् । डा.डिम्पल झा अंगीकृत नागरिक हुन्, उहाँ प्रदेशको राज्यमन्त्री हुनुहुन्छ । यस्तै धेरै सांसदहरु पनि छन् । त्यस्तै, संघीय संसदमा पनि अंगीकृत नागरिकताधारी सांसदहरु छन् । अंगीकृत नागरिकहरुले सांसद हुने तर नेपालमै जन्मिएकी मधेशी महिलाहरुले किन अवसर नपाउने ? के यहाँका महिलाहरु सक्षम छैनन् ? त्यसैले यस्ता गल्तीहरु सच्याउने बेला अहिले आएको छ । विदेशबाट विहे गरेर नेपाल आएकी बुहारीलाई नागरिकता दिनुपर्छ तर राजनीतिक अधिकार दिनु हुन्न । मधेशीको नाममा दिइने कोटाहरुमा पनि अंगीकृत नागरिकहरुले बढी नै मौका पाउने गरेका छन् । यसकारण पनि राजनीतिक अवसर वंशज मधेशी महिलाले मात्र पाउनुपर्छ भन्ने मेरो विचार हो । यसो नगरिए मधेशका चेलीहरुसँग अन्याय हुन्छ । यो मुद्दालाई लिएर हामी मधेशभरि नै अभियान चलाउँछौं ।

नागरिकता विधेयकको विरुद्धमा अहिले आन्दोलन तताउँदैछन् । कतिपयले नेकपाकै विरुद्धमा आन्दोलन गरिरहेका छन् । तर नागरिकता विधेयकबारे आम मधेशी समुदायले बुझिसकेका छन् कि वास्तवमा यो कुरा हाम्रै पक्षमा रहेको छ । नागरिकता विधेयककै आन्दोलनले नेकपालाई मधेशमा कमजोर बनाउन खोजिएको छ । तर, यथार्थ त्यो होइन, यथार्थ कुरा सबैले बुझिसक्का छन् । मधेशमा आगामी दिनमा नेकपा झन् ठूलो दल भएर आउँछ । विगतकै चुनावको नतिजा हेर्ने हो भने नेकपा सबभन्दा ठूलो दलको रुपमा आएको थियो । अहिले दुईटा दल मिलेर एउटा दल बनाउँदा जसपा ठूलो देखिएको हो । तर अब त्यस्तो अवस्था रहँदैन । म पनि लामो समय मधेशी दलमै राजनीतिक गरेको व्यक्ति हुँ ।

मधेशको नाममा राजनीति गर्ने दलहरुले कहिल्यै पनि मधेशी जनतालाई अधिकार सम्पन्न बनाउन सक्दैनन् । उनीहरुले जहिले पनि नारा र भाषण ठूलो गर्ने तर व्यवहारमा केही हुँदैन । उनीहरुले आफ्ना परिवार, आसेपासे र पैसाका लागि मात्रै राजनीति गरिरहेका छन् । मधेशी दलहरुले मुद्दा वा सैद्धान्तिक रुपमा राजनीतिक गर्दैन । म त्यहीं कुराहरुबाट आजीत भएर पार्टी परित्याग गरे र कम्युनिष्ट पार्टीमा लागे ।

प्रदेश २ मा दिनप्रति दिन कोरोना संक्रमितहरु थपिँदै गएका छन्, यसप्रति सरकारको कुरोमा मात्रै ध्यान पुगेको देखिन्छ । तर जुन गम्भीरताका साथ त्यसको मेकानिजम बनाउनु पर्दथ्यो, त्यो सक्रियता सरकारको देखिएको छैन । हामीले भनिरहेका थियौं कि यो बेलामा कोरोना रोग रोकथाम र नियन्त्रणका लागि प्राविधिक चिकित्सकसहितको युद्धस्तरमा परिणाममा काम देखाउनु पर्दथ्यो । प्रदेश आफैले के-के गर्ने भन्ने कुरोमा विशेष किसिमले गम्भीरताका साथ लाग्नुपर्ने अवस्थामा त्यो देखिएन ।

प्रदेश सरकारले संघीय सरकारसँग विशेष आर्थिक प्याकेज माग्नु उसको कर्तव्य हो । तर प्रदेश सरकारको योभन्दा पहिला आर्थिक वर्षको बजेट हेर्ने हो भने फागुनसम्म ८ प्रतिशत मात्र प्रशासनिकसहित खर्च भएको छ, विकास खर्च त भएकै छैन । गत वर्षकै ६ अर्ब रुपैयाँ खर्च गर्न सकेको छैन । आफूसँग भएको बजेट खर्चै गर्न नसक्ने, तर माग्ने । यो कुरा आफैमा पनि विरोधाभाष देखिन्छ । यहाँको जनसंख्या, भूगोल र अवस्थालाई हेरेर यो प्रदेशलाई केन्द्र सरकारले पनि हेर्नुपर्छ भन्ने हाम्रो पनि कुरो छ ।



## सम्पादकीय

# बाढीपहिरोको जोखिम

यस वर्षको मनसुन सुरू भइसकको छ । मनसुन सुरू भएसँगै बाढीपहिरोबाट ठूलो क्षति हुने समय पनि आएको छ । सरकारले विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीको काम प्रभावकारी रूपमा अघि बढाउन नसक्दा मनसुनको समयमा विपद्ले भयावह रूप लिने गरेको छ । नेपालमा मनसुनी विपद्का कारण बर्सेनि औसतमा ६ सय जनाको मृत्यु हुने गरेको छ । मनसुनको समयमा राज्य र अन्य संस्थाले अपनाउनुपर्ने तयारी र व्यवस्थापन पक्ष कमजोर हँदा धेरै नागरिकले अकालमै मृत्युवरण गर्नुपरेको भयावह अवस्था छ ।

सरकारले २०७४ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन जारी गरेको छ । तर पनि ऐनका प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । त्यसैले मनसुन सक्रिय भएसँगै मधेशका क्षेत्रमा बाढीपहिरोको जोखिम उच्च रहेकाले सोहीअनुसार सतर्कता अपनाउन जरूरी बनेको छ ।

बर्सेनी मधेशीहरू बाढीबाट प्रभावित रहँदै आएको तथ्य कसैसँग लुकेको छैन । प्राकृतिक प्रकोपबाट जनतालाई सुरक्षित पार्नुपर्ने काम सरकारको हो ।

**हरेक वर्ष दोहोरिने यसखाले प्राकृतिक प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न भने सकिन्छ । सरकारले प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापन र न्यूनीकरण गर्ने विषयलाई आफ्नो प्राथामिकतामा राखेको छ । तर, यससम्बन्धी योजना र नीति भए पनि व्यवहारमा कार्यान्वयन गर्न सकेको छैन ।**

बाढी पीडितलाई राहत मात्रै बाँडेर मात्र यो समस्याको उचित समाधान हुँदैन । यसका लागि ठोस दीर्घकालीन योजना सरकारले ल्याउनुपर्छ । जसबाट बाढीबाट धनजनको कमभन्दा कम क्षति हुन्छ । जनताको खेतबारी बढी सुरक्षित हुन सक्छ । यसले देशको उत्पादनमा ठोस योगदान दिन्छ ।

मधेशमा आगलागी, बाढी, पहिरो र खडेरी पर्दा राज्यले त्यसको उचित व्यवस्थापन गरेको पाइँदैन । यस्ता प्राकृतिक प्रकोपहरूलाई नियन्त्रण त गर्न सकिदैँन तर, त्यसबाट कमसे कम क्षति हुने उपायहरू अवश्य अपनाउन सकिन्छ । राज्यको तर्फबाट त्यस्ता प्राकृतिक प्रकोपहरूबाट जोगाउन वा सचेत गराउन सचेतना कार्यक्रम ल्याउनु पर्छ । तर, राज्यले मत र करका लागि मात्र मधेशलाई प्रयोग गर्नु अब अनुचित हुनेछ ।

प्रदेश सरकारले आजैबाट बाढी पहिरोबाट हुने सक्ने सम्भावित क्षतिलाई न्यून गर्ने तर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ ।

प्राकृतिक प्रकोप वर्षैपिच्छे आउने गर्छन् । यो विषयमा प्रदेश र केन्द्र सरकारले हेक्का नराख्नु, पूर्व तयारी नगर्नु, संकटपछिको विपतलाई प्रभावकारी व्यवस्थापन नगर्नु नै ठूलो समस्या हो । समथल भू-भाग भएको मधेशमा केही दिनको वर्षाले नै डुबानको समस्या सिर्जना गरेको छ, यसको दीर्घकालीन समाधान के हो भन्ने कुरातर्फ सजगता नपनाउनु गम्भीर भूल हो । वनजंगल विनाश, चुरेको दोहन, जलवायूमा परिवर्तन बाढीको मुख्य कारण हो । चुरेको दोहन रोक्नु अहिलेको प्रमुख आवश्यक्ता हो । नदी नियन्त्रण, वृक्षरोपण, जग्गा प्लटिङमा कडाई, बसाई-सराईमा नियन्त्रण, ढलको उचित व्यवस्थापन गर्न सकेमा बाढीबाट केही हदसम्म जोगिन सकिन्छ ।

सरकारले आगामी ३ वर्षभित्र देशलाई बाढी पहिरो मुक्त बनाउने घोषणा गरेको छ । विशेष गरी ऊर्जा जलस्रोत मन्त्रालयले त्यसको तयारी गरेको जनाएको छ । तर सरकारको उक्त घोषणा केवल घोषणामा मात्रै सिमित हुने देखिएको छ ।

सरकार आफैले बनाएको ऐन कार्यान्वयन गर्दैन भने आम नागरिकले के गर्ने भन्ने प्रश्न पनि उठ्न थालेको छ । विपद व्यवस्थापनका लागि गरिनुपर्ने तयारीमा सरकारको पटक्कै तयारी हुन सकेको छैन ।

राहत तथा उद्धारका लागि ७ वटै प्रदेशका तम्तयारी हालतमा हेलिकोप्टर राख्ने सरकारको विगतको निर्णय हालसम्म कार्यान्वयन हुन सकेको छैन । अत्यावश्यक रुपमा राख्नुपर्ने खाद्य सामग्री तथा अन्य राहतका उपकरण समेत छैनन् ।

पीडितले राहत पाउने त परेको कुरा जस्तै भएको छ । सरकारले पुनः निर्माण प्राधिकरणलाई नै बाढी पहिरो पीडितलाई क्षतिपूर्ति दिन र घर बनाउन अनुदान दिने व्यवस्था गर्न दिएको निर्देशन समेत कार्यान्वयन भएको छैन । बाढी पीडित यस वर्ष पनि पुनः समस्यामा परिने भयो भन्दै चिन्तित भएका छन् ।

बाढीरपहिरो प्राकृतिक प्रकोप होर । प्रकोप या विपत्ति प्रकृतिसँग जोडिएको हुन्छ । यसलाई चाहेर पनि पूर्ण रूपमा रोक्न सकिँदैन । तर हरेक वर्ष दोहोरिने यसखाले प्राकृतिक प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न भने सकिन्छ । सरकारले प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापन र न्यूनीकरण गर्ने विषयलाई आफ्नो प्राथामिकतामा राखेको छ । तर, यससम्बन्धी योजना र नीति भए पनि व्यवहारमा कार्यान्वयन गर्न सकेको छैन । तीन तरिकाले सरकार प्राकृतिक प्रकोपका जोखिमसँग जुध्न सक्छ । एक, वर्षायामका बेला बाढी, पहिरोजस्ता विपत्तिसँग जुध्न उच्च सतर्कता अपनाउनुपर्छ ।

# ओलीले बाटो प्रशस्त गर्नुपर्छ, नभए पार्टीले विकल्प खोज्छ



गणेश साह

**पार्टीभित्र जटिल समस्या उत्पन्न नहोस् भन्ने तर्फ नै पार्टीका नेता कार्यकर्ताहरु लाग्नुभएको छ । त्यस्तो परिस्थिति आयो भने नेतृत्वले नै सुझबुझ देखाउनुपर्ने हो ।**

पार्टीभित्र अहिले विधि, विधान, पद्धति र सिद्धान्त लागू भइरहेको छैन । नेकपा एकता घोषणा भइसकेपछि पार्टीको विधान, राजनीतिक दस्तावेज, घोषणापत्र छ । कम्युनिष्ट पार्टीको एउटा घोषित नीति समाजवाद उन्मुख छ । तर त्योअनुसार पार्टी चल्न नसक्नु विवादको मूल कारण हो । अहिलेको सरकारले ल्याइरहेको नीति तथा कार्यक्रमहरु पार्टीको घोषणापत्रसँग मेल खाइरहेको छैन । यसप्रति सरकार संवेदनशील देखिँदैन । सरकारको सञ्चालनमा मनपरितन्त्र बढी हावी भयो, नीति कार्यक्रम पालना भएन । यी दुईटा कारणले गर्दा नै पार्टीभित्र अहिलेको असहज अवस्था सिर्जना भएको हो । सरकारले एकाएक चलिरहेको संसदलाई सभामुखको सल्लाहबिना नै संसद अधिवेशन अन्त्य गर्नुभयो । यस्तै कुराहरु विवादको मूल जड हो ।

प्रधानमन्त्रीको मनपरितन्त्रकै कारणले पार्टीले अध्यक्ष र प्रधानमन्त्री दुवै पदबाट राजीनामा मागेको हो । उहाँलाई एक नम्बरको अध्यक्ष मानिएको छ, तर उहाँको अनुपस्थितिमा पार्टीको बैठक नबस्ने प्रवृत्ति देखिएको छ । असार १४ गते मदन भण्डारी जयन्तीमा उहाँले जुन अभिव्यक्ति दिनुभयो कि भारतको इशारामा सरकार ढाल्न पार्टीकै नेताहरु लागि परेका छन् । उहाँले घुमाउरो पारामा राजीनामा माग्नेहरु सबै भारतीय दलालहरु हुन् भन्नेसम्म आरोप लगाउनुभयो । पार्टीका नेताहरुप्रति यस्तो लाञ्छना लगाएपछि नेताहरु आक्रोशित भएका छन् ।

प्रधानमन्त्री र पार्टीका अध्यक्षजस्तो व्यक्तिले कुनै अभिव्यक्ति दिँदा राजनीतिक र कुटनीतिक मर्यादाको ख्याल गर्नुपर्छ । पार्टीका कुनै पनि नेता वा कार्यकर्तालाई आरोप लगाउँदा त्यसको प्रमाण दिनुपर्‍यो । त्यसैले उहाँको अभिव्यक्ति न त राजनीतिक मर्यादाभित्र पर्छ, न त कुटनीतिक मर्यादाभित्र छ । सरकार प्रमुखले बोल्ने यस्तो अभिव्यक्ति अशोभनीय छ । पहिलादेखि उहाँको गतिविधि र क्रियाकलापले पार्टीका नेताहरु असन्तुष्ट हुनुहुन्थ्यो । उहाँले पार्टीका म मात्रै नेता हुँ, म जे भन्छु त्यहीं हुन्छ, अन्य नेताहरुको भूमिका नै नदेख्ने कारणहरुले गर्दा पनि उहाँको विकल्प खोजिएको हो । पार्टी र सरकारबीचको अविश्वासको खाडल बढ्दै गयो ।

कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको भूभाग समेटेर नयाँ नक्सा जारी गर्दा भारतले उहाँलाई प्रधानमन्त्रीबाट हटाउन लागेको भन्ने कुराले झन् उहाँको कार्य क्षमतामाथि प्रश्न उठ्यो । उहाँको यो अभिव्यक्ति गैरजिम्मेवार रहेको हाम्रो ठहर छ । विवादित भूमिहरुको बारेमा आज मात्रै आवाज उठेको होइन । हामीले त महाकाली सन्धि हुँदादेखि नै आवाज उठाउँदै आएका छौं । कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको भूभाग समेटेर नयाँ नक्सा जारी गर्ने निर्णय पार्टीले गरेको हो । यसमा सबै नेताहरुले साथ दिएको हो । तर, नक्सा प्रकरणभन्दा पहिलादेखि नै ओलीजीको गतिविधिका कारण राजीनामा मागिएको हो । त्यसैले प्रचण्डले भन्नुभयो कि तपाइँको राजीनामा पार्टीले मागेको हो । तर उहाँले जसरी राजीनामा भारतले मागेको भन्ने अभिव्यक्ति अध्यक्षको जिम्मेवारीपूर्ण भएन । दुई देशबीचको सम्बन्ध एउटा छ र पार्टीहरुबीचको सम्बन्ध अर्को छ । उहाँको राजीनामाको कुरा अहिले आएको होइन, झण्डै ६/७ महिना पहिलादेखि नै उठिरहेको छ । कुनै पनि निर्णय गर्दा उहाँले पार्टीभित्र छलफल नगर्ने, पार्टीको निर्णय, निर्देशन, नीति कार्यक्रमहरु लागू नगर्ने कारणहरुले उहाँप्रति नेताहरु असन्तुष्ट छन् । पार्टीको नीति कार्यक्रम लागू गर्नकै लागि हामीले जनतासँग भोट मागेका हौं । ती कुराहरु कार्यान्वयनका लागि सरकारले अग्रसरता लिनुपर्‍यो । वामदेव गौतमलाई राष्ट्रियसभामा पठाउने पार्टीले निर्णय गर्‍यो तर लागू भएन । त्यसैले पार्टीको विधि, विधान, नीति कार्यक्रम लागू नभइरहेको र सामूहिक निर्णय नभएकोले अहिलेको जटिलता उत्पन्न भएको हो ।

निश्चितरुपमा नक्सा प्रकरणभन्दा पहिलादेखि ओलीजीलाई राजीनामा दिनुपर्ने माग उठेको हो । नक्सा पास गराउनमा ओलीजीको मात्रै योगदान होइन, पार्टीका सम्पूर्ण नेता कार्यकर्ताहरुको योगदान । दूरगामी असर पर्ने विषयहरुमा पार्टीसँग सरसल्लाह गर्ने काम उहाँ गर्नुहुन्न ।

केपी ओली सरकार र पार्टी चलाउन असफल भएकोले अब राजीनामाको विकल्प छैन । अहिलेसम्मको अवस्था हेर्दा उहाँले पार्टी र सरकार राम्ररी सञ्चालन गर्न सक्नुभएन । उहाँले आत्मसमीक्षा गर्दै आगामी दिनमा अब पार्टीको निर्णय र नीतिअनुसार काम गर्ने प्रतिबद्धता जनाउनु भयो भने उहाँलाई निरन्तरता दिन सकिन्छ । उहाँले सरकार चलाउने र कार्यकारिणी अध्यक्षलाई पार्टीको गतिविधि सञ्चालन गर्ने सहमति भएको हो । दुई जना समान हैसियतको अध्यक्ष भनेपछि उहाँ एक्लैले निर्णयहरु गर्दै हिंडिरहनुभएको छ । पार्टीको सामूहिक निर्णयहरु कार्यान्वयनका लागि स्थायी समिति र सचिवालय गठन भएको हो । तीन-तीन महिनामा स्थाीय समितिको बैठक बस्नुपर्ने विधानमा भएपनि उहाँले बैठक नै नबोलाउने, बोलाए पनि मनोमानी तरिकाले स्थगित गरिदिने लगायतका कार्यहरु गर्दै आउनुभएको छ । त्यसैले उहाँले पार्टीको विधि, विधान र नीति पालना नगरेको राजीनामा नै दिनुपर्ने माग उठ्दै आएको हो ।

अहिले उहाँले पार्टीको अध्यक्ष र प्रधानमन्त्री दुवैबाट राजीनामा दिनुपर्ने हो भनेर पार्टीका बहुमत नेता कार्यकर्ताहरुले आवाज उठाउन थालेका छन् । उहाँको स्वास्थ्यको कारणले दुवै पदबाट राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्ने पार्टीका नेताहरु भन्दै आउनुभएको छ । उहाँ एउटा सम्मानित नेताको रुपमा बसे राम्रो हुनेथियो । हामीसँग अहिले पनि विभिन्न विकल्पहरु छन् । दुवै अध्यक्ष र सचिवालयभित्र जुन कुरामा सहमति बन्छ त्यो हुने हो ।

उहाँ त अहिले राष्ट्रको कार्यकारी प्रमुख हुनुहुन्छ, उहाँले राजीनामा दिनुभएन भने पार्टीले त्यसको विकल्प खोज्न सुरु गर्छ । अहिले पार्टीको बैठक चलिरहेको छ । उहाँले राजीनामा दिनुभएन भने पार्टीले जे निर्णय गर्छ त्यहीं हुने हो । अब पार्टीले हटाउँछ नै भन्न त गाह्रो छ । अहिलेसम्मको अवस्था हेर्दा उहाँले आफ्नो कार्यशैली सुधार्नुपर्छ वा राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ भन्ने पक्षमा पार्टी रहेको छ । यदि उहाँले पार्टीको नीतिअनुसार काम गर्न सक्नुभएन र मार्ग पनि खोलाउनु भएन भने पार्टीभित्र थरिथरिका प्रस्तावहरु आउन सक्छ । उहाँले एक्कासी संसद अधिवेशन अन्त्य गरिदिनुभयो । उहाँ राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याउने तयारीमा हुनुहुन्छ भन्ने चर्चा पनि भइरहेको छ । संवैधानिक र राजनीतिक निकासको बाटो तर्फ सोच्न पार्टी बाध्य हुनेछ ।

जसरी पनि प्रधानमन्त्री पद नछोड्ने मुडमा केपी ओली देखिनु हुन्छ । यता नेकपा एमाले पार्टी दर्ताका लागि पनि निर्वाचन आयोगमा निवेदन परेको छ । पार्टी फुट्ने सम्भावना रहेको अवस्था पनि देखिन थालेको छ । स्थायी समितिको बैठकमा नेकपा एमाले दर्ताको निवेदन विषयमा पनि कुरा उठेको छ । धेरै जनामा आशंका छ कि प्रधानमन्त्री वा उहाँ नजिकका मान्छेहरुले नेकपा एमाले दर्ता गराउन निवेदन दिएको हो । यसका विषयमा पनि छानबिन गर्न माग गरिएको छ । उहाँले आफ्ना निकटका नेता कार्यकर्ताहरुलाई बोलाई-बोलाई जुनसुकै परिस्थिति उत्पन्न हुन सक्छ त्यसका लागि तयार भएर बस्न आह्वान पनि गर्नुभएको छ । त्यसका पार्टीले पनि आवश्यक आह्वान गर्न सक्छ । पार्टीभित्र जटिल समस्या उत्पन्न नहोस् भन्ने तर्फ नै पार्टीका नेता कार्यकर्ताहरु लाग्नुभएको छ । त्यस्तो परिस्थिति आयो भने नेतृत्वले नै सुझबुझ देखाउनुपर्ने हो ।

*(नेपाल कम्युनिष्ट पार्टीका स्थायी समिति सदस्य साहसँगको कुराकानीमा आधारित)*

# ‘भारतले आफूलाई हटाउन खोजेको’ प्रधानमन्त्रीको भनाइप्रति नेकपामा आक्रोश

काठमाडौं । सत्तारुढ नेकपा स्थायी समिति बैठकमा पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले ‘भारतले आफूलाई हटाउन खोजेको’ भन्ने अभिव्यक्तिबारे शीर्ष नेताहरुले गम्भीर चासो राखेका छन् । बैठकमा शीर्ष नेताहरुले नै ओलीको अभिव्यक्तिबारे प्रमाण माग गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको चौथो दिनको बैठकमा कार्यकारी अध्यक्ष प्रचण्डसहित वरिष्ठ नेता माधव कुमार नेपाल, झलनाथ खनाल र सचिवालय सदस्य वामदेव गौतमले भारतले सरकार ढाल्न लागेको भन्ने प्रधानमन्त्रीको ओलीको अभिव्यक्तिप्रति प्रश्न गरेका हुन् । उनीहरुले भारतले सरकार ढाल्न लागेको भन्ने प्रमाण के छ भन्दै ओलीसँग प्रश्न गरेका थिए । बैठकमा अध्यक्ष प्रचण्डसहितका शीर्ष नेताहरुले ओलीले आधारहीन टिप्पणी गरेको बताए । बैठकमा बोल्दै शीर्ष नेताहरुले ‘सरकार ढलाउन दूतावास सक्रिय भएको हो या अरु कोही ?’ भन्ने प्रश्न समेत ओलीसमक्ष राखेका थिए । चार नेताले बोल्दा ओली बैठकमा सहभागी रहेका थिए । नेताहरुले प्रश्न उठाएपछि ओलीलाई बैठकलाई स्पष्ट जानकारी दिनुपर्ने दवाव बढेको छ । उनीहरुले बिनाआधारमा टिकाटिप्पणी गर्दा गलत सन्देश जान सक्ने भन्दै यसप्रति सचेक हुन जरुरी रहेको समेत धारणा राखेका थिए । बैठकको सुरुमा अध्यक्ष प्रचण्डले प्रधानमन्त्री ओलीको अभिव्यक्ति कसरी आयो, यो गम्भीर विषयमा को सक्रिय रहेको हो, नेताहरुलाई जानकारी दिनुपर्ने बताएका थिए । त्यसपछि बोलेका वरिष्ठ नेता झलनाथ खनालले पनि सोही आशय राखेको एक नेताले जानकारी दिए ।

उपाध्यक्ष गौतमले पनि प्रधानमन्त्रीले सरकार नै ढाल्ने गरी कस-कसले सक्रियता बढाएको हो, दूतावासका को-को सक्रिय भए बैठकमा बताउनुपर्ने बताए । नेता खनालले सरकार ढाल्न भारतीय सक्रिय रहेको भनाइ गम्भीर रहेकोले यसबारे प्रष्ट पार्न माग गरे ।

प्रधानमन्त्री ओलीले आइतबार जननेता मदन भण्डारीको ६९ औं जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै भारतले आफ्नो सरकार ढाल्ने प्रयास गरिरहेको आरोप लगाएका थिए । खासगरी कालापानी, लिम्पियाधुरा, लिपुलेक समेटेर नेपालको नयाँ नक्सा जारी गरेको र सोही नक्सालाई संविधानमा समेत समेटिएका कारण आफूलाई प्रधानमन्त्रीबाट हटाउन खोजिएको आरोप उनले लगाएका थिए ।

# दिगो विकासका मुख्य आधार कृषि तथा युवा स्वरोजगार



धर्मेन्द्र कुमार झा (धीरू)

विषय प्रवेश :

वर्तमान परिवेशमा विश्वकै सम्पूर्ण अंग कोरोना (कोभिड-१९) को शिकार हुनपुगेको छ। त्यसमा नेपाल अछुतो रहने सवालै भएन। नेपालमा पनि २०७६ चैत्र ११ देखि कहिले अलि खुकुलो त कहिले अलि कडा बन्दाबनदी (लकडाउन) हुँदै आएको छ। अर्थ व्यवस्थाको तहसनहस भएको छ। सरकारका तीनै तह कोरोना कहरसंग युद्धस्तरमा लडेपनि निरिह साबित भएको छ। यो अवस्था कहिले सम्म चल्ने हो कसैले अडकल गर्नसकने परिस्थितिमा छैन। परनिर्भर रोजगार भएको हुँदा बेरोजगारको अवस्था भयावह हुँदैगईरहेको छ। वैदेशिक रोजगार बाट युवाहरु देश फिर्ता भएकै भएछ। नेपालबाट वैदेशिक रोजगारमा जाने प्राय: युवा अदक्ष जनशक्ति हुन्। जो कृषि वा निर्माण वा अन्य अदक्ष काममा मात्रै लाग्ने गर्छन्। अव यसरी फर्किदै गरेका र नेपालमै बेरोजगार भएर बसेका जनशक्तिलाई काहाँ व्यवस्थापन गर्ने भन्ने चुनौति छँदैछ। त्यसमा सरकारको समृद्ध राष्ट्र बनाउने योजनामा चुनौती थपिदै गईरहेको छ। जनचाहना अनुसारको समृद्धि ल्याउने प्रयास बिभिन्न राजनीतिक, सामाजिक, ऐतिहासिक र शासन कालखण्डमा भएकै हो। तर जनचाहना पूरा हुन सकेन। र त्यहि चाहना पूर्तिका लागि समय समयमा आन्दोलन र क्रान्तिहरु भइरहे। सत्ताका अध्यायहरु परिवर्तन पनि भइरहे। बिशेषगरी बि.सं. २०६२ को दशकमा भएको आन्दोलनहरुले नेपालको राजनीति तथा संबिधानमा व्यापक परिवर्तन ल्याए। जसको परिणम स्वरुप संघीय लोकतान्त्रिका गणतन्त्रात्मक शासन व्यबस्था नेपालको संबिधान २०७२ मा कायम भयो। जसद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पूरा गर्ने संकल्प गरियो। नेपाल सात प्रदेशमा बिभाजन भए। र एकात्मक तथा केन्द्रिकृत शासनको अन्त भयो र हाल प्रदेश सरकारहरु देशको समृद्धिका लागि कार्यरत छन्। देशका तीनै तह केन्द्र, प्रदेश र स्थानिय सरकार विकास तथा नीति-नियम बनाउने दौडमा लागि परेका छन्। तर न कुनै नेता न जनता न व्यापारी न कर्मचारी त्यति उत्साहित देखिन्छन्। सबैमा अन्यौलता झल्किन्छ। कारण सबैको अपेक्षा बढी भएको छ। विकास र समृद्धि अचानक वा छोटो समयमै देखिने कुरो पनि होइन। तर विश्वव्यापीकरणको प्रभावले गर्दा जनताको अपेक्षा विश्वस्तरको जीवनस्तर होस् भन्ने छ। फेरी विकासलाई बुझ्ने सबैका आ-आफ्नै चिन्तन हुन्छन्। वास्तवमा भन्ने हो भने विकास भनेको कुनै कुराको सकारात्म परिवर्तन नै हो। जुन ठाउँ परिवेश र व्यक्ति अनुसार फरक फरक हुन सक्छ। त्यसैगरी समृद्धिलाई देशको सर्वाङ्गिन विकास बुझ्नु पर्छ। जसमा देशको सामाजिक, आर्थिक, सांस्कृतिकको दिगो विकास पर्छ। कुनै पनि राज्य समृद्ध हुनलाई शिक्षा, स्वाश्थ्य, विकासका पूर्वाधार, नागरिकको जीवनस्तर, लोकतन्त्र, आर्थिक, सामाजिक, राजनैतिक पक्ष सवल हुनुपर्छ।

बिभिन्न प्रदेशहरु मध्ये कुनै एउटा प्रदेशलाई पात्रको रुपमा विश्लेषण गर्दा देशको समृद्धिका आधार प्रष्ट हुन सक्छ। त्यहि भएर यहां पंक्तिकारले प्रदेश नं. २ लाई एक पात्रको रुपमा विश्लेषण गरेको छ। भौगोलिक दृष्टिकोणले सबभन्दा सानो तर जनधनत्वको हिसावले सबभन्दा बढी रहेको प्रदेश हो प्रदेश नं. २। यसको जम्मा क्षेत्रफल ९६६१ वर्ग कि.मि., जनसंख्या ५४,०४,१४५, जनघनत्व ५५९ प्रति वर्ग कि.मि. र साक्षरता ४९.५१ प्रतिशत रहेको छ। तर विडम्बना यस प्रदेशका लगभग २,२४,४७९ उर्जाशील युवा बिभिन्न देशमा आफ्ना श्रमपसिना बगाउन बाध्य छन्। प्रत्येक दिन १५/१६ सयको हाराहारीमा अनुकुल अवस्थामा युवा विदेश पलायन भइरहेको छ। र यहाँ व्यपार घाटा बढेको बढेछ। राज्यले लाजमर्दो आकँडामा बाहिरबाट दैनिक उपभोग्यका खाद्य तथा अन्य बस्तुहरु आयत गर्नु परिरहेको अवस्था छ। यी दूइटै कुरालाई नियन्त्रण नगरी समृद्धि आउन सक्दैन। समृद्धिका धेरै आधारहरु भए पनि यहाँको लागि एक मात्र आधार कृषि नै हो। समृछि ल्याउन कृषिलाई विकासका विभिन्न अवयवहरुसंग जोड्दै केही ठोस लोकोलाइज्ड योजनाहरु बनाउनुपर्छ। जसले युवाहरु आफ्नै देशमा स्वरोजगार हुन्छ र राज्यलाई दिगो विकासको बाटो हुँदै समृद्धी दिन्छ।

**समृद्धिका आयाम :**

**कुनै पनि राज्यमा समृद्धि ल्याउन सर्वप्रथम त्याहाँका स्थानीय स्रोत-साधान, जनशक्ति, ज्ञान तथा प्रबिधिलाई पहिचान गर्नु पर्छ। र ती सबैलाई बढी भन्दा बढी सदुपयोग गर्नुपर्छ। अहिलेका तीनै तहका सरकार लगभग स्थिर सरकार नै हो। यी सरकारले दूरगामी तथा दिगो विकासका योजना बनाएर अगाडी बढ्नु पर्छ। यस प्रदेशका समृद्धिका मुख्य आधार आधुनिक कृषि, पर्यटन तथा स्थानीय जनशक्ति र प्रबिधिको उपयोग नै हुन्। कुनै पनि बिकासोन्मुख राष्ट्र विकसित राष्ट्रको उत्पादन संग प्रतिस्पर्धा गर्न सक्दैन। तर आफ्नो खास उत्पादनले विश्वसामु बलियो भएर उपस्थित हुन सक्छ। दैनिक आवश्यकताका सामाग्री उत्पादन गरी आयातका रकम बचाउन सक्छ।**

**नेपाल सरकारको ठूलो रकम दैनिक उपभोग्य बस्तुको आयातमा खर्च हुन्छ। कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अनुसार राज्यलाई वर्ष भरिमा ६१ लाख टन धान आवश्यक पर्छ। जसमध्ये राज्य आफैले गत वर्ष ५६ लाख १० हजार टन धान उत्पादन गऱ्यो। जुन पछिल्लो वर्ष भन्दा ४ लाख ४६ हजार टन उपादनमा बृद्धि गरेको छ। तर अहिले पनि लगभग ५ लाख टन धान अपुग रहेको छ। प्राप्त तथ्याङ्क अनुसार नेपालले सन् १९६१ देखि १९८१ सम्म बिभिन्न देशमा ३५० हजार टन धान निर्यात गर्थ्यो। तर सन १९८१ पश्चात ४०० हजार टन सम्म धान आयात गर्नु परिरहेको छ। त्यसै गरी अन्य उपभोग्य बस्तु (तरकारी, दाल, माछा, मासु ) ठूलो मात्रामा आयात गरिरहेको छ। हुन त प्रदेश नं. २ ले यस वर्ष १,०५,०४४ टन धान उत्पादन गऱ्यो। जुन राज्यको जीडीपीमा ठूलो योगदान हो।**

**कृषिमा व्यापक रुपान्तरणको खाँचो छ। आधुनिक कृषि योजनालाई प्राथमिकतामा राख्ने समय आएको छ। कृषि केन्द्रित योजनाले रोजगारको साथै दैनिक उपभोग्य बस्तु आयात वापतको ठूलो रकम अन्य विकास पूर्वाधारको काममा प्रयोग गर्न सकिन्छ। सिंचाइको न्यून सुबिधा भए पनि ४०१.९०६ हेक्टरमा प्रदेश नं. २ ले सबै प्रदेश भन्दा बढी** धान उत्पाद गरे। यहाँको उर्वरा भूमिलाइ पूर्ण सिंचित बनायो भने कुनै युवालाई खाडीमुलुकमा पसिना बगाउनु पर्ने बाधयता रहदैन। र प्रदेश समृद्धिको बटोमा लम्किन सक्छ। राज्यले वार्षिक ५ लाख युवालाई रोजगार दिने घोषणा गरेको अवस्थामा रोजगार सिर्जना भई नरहेको अवस्था छ। यस्तो अवस्थामा सरकारले कृषि रोजगारलाई बढावा दिन सक्छ। अन्य शिपको अभाव भए पनि कृषि जनशक्तिले भरेको मुलुकले कृषि रोजगार सिर्जना गर्नुको विकल्प छैन। र यो राज्यको लागि सहज पनि छ। नेपाल कृषि प्रधान देश भएको हुनाले कृषिमा काम गर्ने क्षमता प्राय: सबैमा रहेको देखिन्छ। कृषिबाट वर्षभरी घर परिवार थेग्ने परिवार संख्या नेपालमा थोरै भए पनि ८० प्रतिशतको हाराहारीमा कृषि पेशामा संलग्न रहेको तथ्यांकमा देखिन्छ। त्यसको एकमात्र कारण हो अदक्ष जनशक्ति आफुलाई कृषि पेशा भन्नु। सरकारी तथा गैरसरकारी कर्मचारी बाहेक सबैले आफूलाई किसान नै भन्ने गर्छन्। वास्तवमा प्रत्यक्ष अप्रत्यक्ष गरी नेपालका ६५ प्रतिशत जनता कृषिबाटै जीविकोपार्जन गर्छन्। अव यसलाई प्रभावकारी बनाउने समय आएको छ। जवकी नेपालमा अपबाद बाहेक परम्परागत शैलीमै जीविकोपार्जनका लागि गरिने टुक्रे कृषि प्रणाली छ। अहिले सम्म कृषि पूर्ण रुपले आधुनिकता र व्यबसायीक कृषि प्रणालीमा प्रवेश गर्न सकेको छैन। जसले गर्दा कृषि आफैमा विकर्षणका पात्र बनेको छ। धेरै जग्गा बाँझो रहेको अबस्था छ। कृषि भन्दा गैह्-कृषिकार्य तथा बैदेशिक रोजगार तर्फ आकर्षण बढ्दै गएको छ। जुन दिगो विकासको ठूलो वाधक हो। दिगो विकास हुनलाई आफ्नो स्रोत साधन प्रयोग गरी आफ्नो उत्पादन बढाउनु पर्छ। जसले आफ्नै मौलिक स्वारोजगार सिर्जना गर्छ। यसले परनिर्भरता पनि घटाउँछ। रेमिटान्सको आशामा देशकमो अर्थ व्यबस्था चल्दैन र बैदेशिक रोजगारको भरमा घर परिवार तथा समाज चल्दैन। समृद्धिका लागि आफ्नै देशमा माटो सुहाउँदो रोजगार सिर्जना गर्नुपर्छ।

पंक्तिकारले कृषि रोजगार सिर्जना गर्न एउटा प्रस्ताव प्रस्तुत गरेको छ। नेपालको संबिधान २०७२ ले मौलिक हकमा रोजगारीको ग्यारेण्टी गरेको छ। रोजगारी दिन नसके भत्ता दिनुपर्ने उत्तरदायित्व बोकेको छ सरकारले। अहिले सम्मको अवस्था हेर्दा लक्ष्य अनुसारको रोजगार उपलब्ध गराउने त्यति सहज देखिदैन। तसर्थ आफ्नो नागरिकसंग भएको दक्षता, शिप र राज्यसंग रहेको स्रोत साधनसंग तालमेल हुने योजना बनाउनु बाञ्छनीय देखिन्छ। नेपाली समाजको परिवेश हेर्दा कृषि गर्न चाहने संग जग्गा छैन जग्गा हुनेलाई कृषि गर्नु छैन। र प्रायाजसो कृषिमा लागेकालाई उपलव्धी भएको छैन। तसर्थ कृषिलाई सरकारको प्रत्यक्ष निगरानी तथा लगानीमा आधुनिक रुपमा व्यबस्थित गर्नु पर्छ। सर्व प्रथम सरकारले जग्गा लिजमा लिई जग्गा लाई पोकेट क्षेत्रको रुपमा चक्कलाबन्दी गर्नु पर्छ। एक क्षेत्र एक वालीको अवधारणमा कृषि योजना अगाडी बढाउन सकिनछ। सबै ठाउँमा सिंचाइको पूर्ण व्यबस्था गर्नु पर्छ। र माटो सुहाउँदो व्यबसायीक रुपमा बाली लगाउनु पर्छ। त्यही कृषि कार्यकालागि करारमा कृषि मजदुर राख्नपर्छ। यसरी मासिक तलव सशर्त दिएर कृषि मजदुर राख्नुपर्छ। मासिक तलव दिएर कृषि रोजगार सिर्जना गर्न सकिन्छ। सरकारले प्रभावकारी रुपमा अनुगमन र मुल्याङ्गन गर्ने व्यबस्था मिलाउन पर्छ। कृषि कर्मचारीहरुको सुबिधा उसको कार्यक्षमता तथा कृषि उत्पादनको आधारमा गर्न सकिन्छ। जुन समूहले जस्तो उत्पादन अर्थात परफरमेन्स गर्छ त्यही मुताविक सेवा सुबिधा तथा बोनस दिने। कृषिमा सम्पूर्ण लगानी सरकारले गर्ने र उत्पादनको उचित व्यबस्थापन गर्ने। कतै धान हुन सक्छ त कतै आँप, कतै उँखु त कतै माछा, कतै तरकारी त कतै दाल त बतै विभिन्न फलफूल यसरी धेरै किसिमका उत्पादन गर्न सकिन्छ। प्रत्येक क्षेत्रमा कृषि उत्पादनसंग सम्बन्धित प्रशोधन केन्द्र अर्थात उद्योग स्थापना गर्नुपर्छ। र उत्पादित वस्तु स्वदेश तथा विदेशको बाजारमा पुरयाउनु पर्छ। र आफ्नो उत्पादनलाई बजारको माग अनुसारको बस्तु बनाई नगद आम्दानी गर्न सकिन्छ। र यसले व्यापक रोजगारी सिर्जना गर्न सक्छ।

हुनत सरकारले कृषिमा धेरै लगानी गरेको पनि हो। सामुहिक खेति लगायत पशुपंक्षि तथा माछापालनमा अनुदान दिएकै हो सरकारले। तर बिशुद्ध किसान यी योजनाहरुबाट बञ्चित रहेको छ। सरकारी अनुदान यति प्रकृयामुखी छन् की ग्रामिण किसानको पहुँच भन्दा बाहिर भएको छ। किसान भन्दा गैर किसानको पहुँच भएको कारण कृषि योजनाहरु त्यति सफल देखिदैन। कृषिको अनुदान अनुसारको उपलब्धी हुन सकेको छैन। कृषिलाई सफल बनाउन सर्वप्रथम सिंचाइको आधुनिक व्यबस्था हुनुपर्छ। सिंचाइ बिना कृषिमा रुपमान्तरण आउन सक्दैन। सिंचाइका विभिन्न प्रविधिहरु छन ती मध्येका उपयुक्त प्रविधिहरु प्रयोगमा ल्याउनु पर्छ। नेपालका बिभिन्न जलाशय नदीहरुबाट डाइभर्सनगरी विभिन्न सुख्खा नदिहरुमा पानी झार्नु पर्छ। जसले बहुआयामिक लाभ दिन सक्छ। सिंचाइ, विद्युत उत्पादन, पर्यटन तथा वाटर रिचार्ज। नेपालको मुख्य कृषि क्षेत्र नै प्रदेश नं. २ हो। यस प्रदेशमा कृषि तथा भेटनरी क्याम्पसको अपरिहार्यता छ। कृषिमा आधुनिक प्रविधि र व्यवसायिक सोच आवश्यक छ। जसले युवालाई कृषिमा आकर्षण गर्न सक्छ।

कृषि उत्पादनको वृद्धिले धेरै क्षेत्रमा प्रभाव पार्न सक्छ। त्यही उत्पादनबाट विभिन्न खाले बस्तु र परिकार बनाउन सकिन्छ। अहिले नेपालको एउटा समस्या आफूले उत्पादन गरेको अन्न प्रयोग नगरी बाहिरबाट प्रशोधित भएर आएका खाद्यबस्तुहरु प्रयोग गर्न थालिएको छ। जुन देशको हितमा छैन। यसले किसानलाई पनि बजारमुखि बनाएको छ। आफूले उब्जाएको धान, गहुँ, मकै, कोदो बेच्ने र बजारमा उपलब्ध पैकेटको चामल, पिठो, खाने। सरकारले कृषि प्राधिकरण स्थापना गरी कृषि उत्पादन र प्रशोधन देखि बजार व्यवस्थापन सम्म आफै गरे भने राज्यको जीडीपी बढ्नुको सासै दिर्धकालिन रोजगार सिर्जना हुनसक्छ। यसले राज्यलाई विकासको उत्कर्षमा पुऱ्याई देशलाई समृद्ध बनाउँछ र जनता सुखि तथा खुशी हुनसक्छन्।

राज्यको समृद्धिको अर्को महत्वपूर्ण आयाम हो पर्यटन। देशमा बैदेशिक मुद्रा ल्याउने सबभन्दा सहज माध्यम। नेपाल बहुभाषिक, आर्थिक, सांस्कृतिक विविधताले मात्रै भरेको देश होइन। यो त भौगोलिक विविधताको साथै प्राकृतिक सौन्दर्यताले भरेको देश पनि हो। जल, जंगल, जनावर, हिमाल, धार्मिक स्थल र प्राचिन विभुतीहरुको जन्मस्थल भएको देश हो नेपाल। यसलाई सम्बर्द्धन र प्रवर्द्धन गर्न सक्नुपर्छ। यी धरोहोरहरुलाई विश्वकोलागि आकर्षणको केन्द्र बनाउनु पर्छ। पर्यटकीय व्यवसायलाई व्यवस्थित बनाउनुपर्छ। स्थानिय स्तरका विशेष परिकारहरुलाई होटल, रिसोर्ट, रेष्टुरेन्ट, क्याफे मार्फत प्रोत्साहन गर्नुपर्छ। यसले विश्वका अन्य राष्ट्रहरु भन्दा फरक स्वाद पर्यटकलाई दिनसक्छ। यहां जाती र क्षेत्र विशेषको खाद्य परिकारहरु तथा संस्कृति छन्। मिथिला भोजन, थारु भोजन, थकाली भोजन, नेवारी भोजन जस्ता धेरै फरक स्वादका भोजनका परिकारहरु छन् यहाँ। त्यसैगरी झिझिया नाच, जटजटिन नाच, मोहरम्म, झाँखी, रामलिला, डाण्डीया नाच, विभिन्न लोकगाथाहरुलाई प्रस्तुत

*बाँकी पृष्ठ ५ मा*

## मधेश अपडेट

### औपचारिकतामा मनाइयो धान दिवस

जनकपुरधाम। असार १५ अर्थात धान दिवस प्रदेश २ मा पनि औपचारिकतै सिमित रहेर मनाइएको छ। प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहले पनि धान रोपेर धान दिवसको औपचारिकता पूरा गरे। धनुषाको हर्दिनाथस्थित राष्ट्रिय धान बाली अनुसन्धान कार्यक्रमको आयोजनामा मन्त्री साहले धान रोपेर खुशी साटासाट गरे। मन्त्री साहले शुभकामना सन्देश दिदै धान रोपेर देशको कृषि व्यवस्थालाई मजबुत बनाउने संकल्प लिनुपर्नेमा जोड दिए। प्रदेश सरकारले कृषिजन्य उत्पादनमा आत्मनिर्भरताको स्थिति सिर्जना गरी खाद्य सुरक्षालाई सुदृढ बनाउन कृषि कार्यलाई उच्च प्राथमिकतामा राखेर उत्पादन र उत्पादकत्व वृद्धि गर्न भरमग्दुर प्रयत्न गरिरहेको मन्त्री साहको भनाई छ। कोभिड-१९ को असाधारण र असामान्य स्थितिमा पनि नेपालका किसानहरूले देशको अर्थतन्त्र र समग्र जीवनशैलीलाई प्रतिबिम्बन गर्ने खेती किसानीलाई निरन्तरता दिँदै आएकोमा मन्त्री साहले सबै किसानलाई बधाई पनि दिए। देशको मुख्यबालीका रूपमा रहँदै आएको धान उत्पादनको करिब ३० देखि ४० प्रतिशत हिस्सामा प्रदेश २ को साझेदारी रहँदै आएको तथ्यले यहाँको कृषि प्रणालीमा धान उत्पादनको महत्व स्थापित हुँदै आएको छ', मनत्री साहले बताए।

### रौतहटका २ नगरपालिका सिल

रौतहट। कोरोना संक्रमणबाट जोगाउन स्थानीय प्रशासनले रौतहटको दुई नगरपालिका सिल गरेको छ। जिल्लाको बौधीमाई नगरपालिका र ईशनाथ नगरपालिका अर्को आदेश नहुन्जेलसम्मका लागि सिल गर्ने निर्णय भएको हो। कोरोना भाईरसको संक्रमण समुदायमा गइसकेको देखिएकाले संक्रमणको जोखिम न्युनीकरण गर्न दुबै नगरपालिकामा सिल गरिएको रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले जानकारी दिए। आइतवारको सुरक्षा समितिको निर्णय अनुसार दुबै नगरपालिकाका नागरिकलाई बाहिर जान अथवा बाहिरका मानिसलाई उक्त नगरपालिकामा प्रवेश निषेध गरिएको छ। त्यसैगरी बौधीमाई नगरपालिकाका केही कर्मचारीमा समेत संक्रमण देखिएकाले नगरपालिकाको अत्यावश्यक आन्तरिक काम बाहेक नगरपालिकाको सम्पूर्ण सेवा अर्को आदेश नहुन्जेल बन्द गरिएको छ। बौधीमाई नगरपालिकाको दुई वटा वडाका अध्यक्षका साथै केही सदस्य तथा कर्मचारी गरी १४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। कोरोना भाइरसको संक्रमण रौतहटमा दिन प्रतिदिन बढ्दै गएको छ। रौतहटमा संक्रमितको संख्या १२ सय नजिक पुगेको छ। रौतहटमा कुल ७ सय ७१ जना कोरोना जितेर घर फर्किसकेका छन्।

### सैलुन व्यवसायीहरुद्वारा वीरगन्जमा प्रदर्शन

वीरगन्ज। वीरगंज महानगरपालिकाभित्र रहेका पाँच सयभन्दा बढी कपाल काट्ने सैलुन र सौन्दर्यकर्मीहरुले विरोध प्रदर्शन गरेका छन्। लकडाउनको यो चौथो महिना भई सक्दा पनि सैलुन व्यवसायीहरुलाई सैलुन खोल्ने र सोन्दर्यकर्मीहरु ब्युटि पार्लर खोल्न नपाएकोमा नेपाल सरकारको ध्यान केन्द्रित गराउन एक घण्टा सडक जाम गरेका थिए। वीरगन्जको घण्टाघरस्थित शान्तिपूर्वक नेपाल नाई संघले विरोध गरेकोमा केही संघसंस्थाहरुको समर्थनसमेत देखिएको थियो। नेपाल नाई संघका जिल्ला अध्यक्ष निसार अहमदको अध्यक्षतामा भएको विरोध कार्यक्रममा नाई संघमा आबद्ध व्यवसायीहरुको सहभागिता रहेको थियो। कोरोना भाईरसको सन्त्रासले गर्दा सैलुन जस्ता व्यवसायीहरु खोल्न हालसम्म प्रतिबन्ध लगाइएको छ। सैलुन खोल्नको लागि स्वाब परिक्षण र पि.सि.आर टेस्ट समेत गराउन व्यवसायीहरुको माग रहेको छ। व्यवसायीहरुलाई घरबाल र पसलको पैसा दिन समस्या पर्नुका साथै आर्थिक समस्या निक्कै बढ्दै गएको नेपाल नाई संघका युवा नेता धिरेन्द्र ठाकुरको भनाई रहेको छ।

### कपडा तथा सिलाई ब्यवसायीले बुझायो ज्ञापनपत्र

नेपालगञ्ज। नेपाल कपडा तथा सिलाई व्यवसायी संघ बाँकेले उपमहानगरपालिकामा ज्ञापनपत्र बुझाएको छ। बाँके जिल्लामा रहेका सम्पूर्ण सिलाई व्यवसायी पेसाकर्मीहरुको समस्या समाधानका लागि नेपालगन्ज उप महानगरपालिकाका उप प्रमुख उमा थापा मगरलाई ज्ञापन पत्र बुझाएको हो। नेपाल कपडा तथा सिलाई व्यवसायी संघ बाँकेका अध्यक्ष शालिक राम नगबागले जानकारी दिए। नगबागको नेतृत्वमा गएको टोलीले पेसा सन्चालन गर्न लिएको ऋणको व्याज तथा करमा छुट गर्न, लकडाउन अवधिभरको घरभाडा मिनाह गर्न स्थानिय सरकारद्धारा पहल गर्न, सिलाई काममा प्रयोग हुने मजदुरहरुको दैनिक जिवनयापनका लागि विषेश राहतको व्यवस्था गर्न र बैंकको सावा तथा किस्ता तिर्ने समय सिमा आगामी माघ महिना सम्म व्यवस्था गर्नुपर्ने माग गर्दै ज्ञापनपत्र बुझाएको हो। नेपाल कपडा तथा सिलाई व्यवसायी संघ बाँकेका पदाधिकारीहरुले सिलाई व्यवसायि संकटको घडिमा रहेको भन्दै स्थानीय सरकारले उचित व्यवस्थापन तिर ध्यान दिन उपप्रमुख मगरको ध्यानाकर्षण गराए। सो अवसरमा नेपाल कपडा तथा सिलाई व्यवसायी संघ बाँकेका संघका सचिव मो मोहसिन हलवाई, नेपाल कपडा तथा सिलाई व्यवसायी संघ बाँकेका सल्लाहकार सभापति कस्मिरा मिया खातुन,नेपाल कपडा तथा सिलाई व्यवसायी संघ नेपालगन्ज उपमहानगरपालिकाका अध्यक्ष्य अब्दुल हमिद लगायतका ब्यबसायीहरुको उपस्थिति रहेको थियो।

### अवैध लागूऔषध सहित ३ जना पक्राउ

बाँके। नेपालगंज उपमहानगरपालिका-१५ पिपरहवाबाट अवैध लागूऔषध ब्राउनसुगर करिब २४ ग्राम सहित भारत उत्तर प्रदेश बहराईच थाना रुपैडिहा बस्ने २५ वर्षीय मुन्ताज अहिमद सिद्धिकीलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले लुकाई छिपाई ल्याउदै गरेको उक्त परिमाणको लागूऔषध सहित फेला पारी उनलाई पक्राउ गरेको हो। यसैगरी नेपालगंज उपमहानगरपालिका(१० ट्राफिकचोकबाट नियन्त्रित लागूऔषध १ सय एमएलको ११ सिसि कोरेक्स सहित २ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही उपमहानगरपालिका(८ बस्ने २३ बर्षीय राजु राई र सोही उपमहानगरपालिका(११ बस्ने ३० वर्षीय अखिल अहमद जसगड रहेका छन्। जमुनाहबाट नेपालगंजतर्फ आउँदै गरेको भे.३ प ३४१२ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी प्रहरीले पक्राउ गरेको हो।

### वेवारिसे अवस्थामा विभिन्न सामान बरामद

कपिलवस्तु। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले विभिन्न समयमा वेवारिसे अवस्थामा रहेको करिब २ लाख १९ हजार ३ सय ५० रुपैयाँ मूल्य बराबरको युरिया मल ८० बोरा, डिएपी मल ७७ बोरा र पोटास ३ बोरा बुधबार दिउँसो बरामद गरेको छ। उक्त कार्यालयबाट खटिएको प्रहरीले सवारी चेकजाँच गर्ने क्रममा लु.१ त ३८३३ र लु.२ च ७००३ नम्बरको सवारी साधनहरु सडकमै वेवारिसे अवस्थामा फेला पारी तलासी गर्दा उक्त सामानहरु फेला पारी बरामद गरेको हो। बरामद मल तथा सवारी साधनहरुलाई आवश्यक कारबाहीको लागि जिल्ला प्रशासन कार्यालय तौलिहवा कपिलबस्तु पठाइएको छ।

### जुवातास खेलिरहेका ७ जना पक्राउ

कैलाली। लम्कीचुहा नगरपालिका-६चोरीपुर खोलास्थित पुरानो कुखुराको खोरबाट जुवातास खेलिरहेको अवस्थामा ७ जनालाई २ लाख ५९ हजार ७ सय रुपैयाँ, तांसको गड्डी ३ थान, कम्मल २ थान र मोबाइल ८ थान सहित मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा लम्कीचुहा नगरपालिका-४ बस्नेहरु ४३ बर्षीय दिपक भण्डारी, २८ प्रकाश शाही, ३२ वर्षीय प्रजिन राई, ३४ वर्षीय कृष्ण बिष्ट, ४० वर्षीय नवल बुढा, सोही नगरपालिका(२ बस्ने ३९ वर्षीय नर बहादुर शाही र टिकापुर नगरपालिका(१ बस्ने ३० वर्षीय प्रकाश खड्का रहेका छन्। उक्त ठाउँमा जुवातास खेलिरहेको भन्ने सूचनाका आधारमा क्षेत्रीय अनुसन्धान समूह र ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीलेउनीहरुलाई पक्राउ गरेको हो।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

बाँके। ९ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा नेपालगंज उपमहानगरपालिका-२१ पुरैना बस्ने राजन कुमाललाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। कुमालले ती बालिकालाई खेलिरहेको अवस्थामा ललाई फकाई गरी आफ्नो कोठाभित्र लगि जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय नेपालगंजबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

# कृषि उत्पादन र औद्योगीकरण गरेर बेरोजगार युवाहरुलाई रोजगार दिइने

प्रदेश २ को भूगोल र अवस्था हेर्दा कोरोना भाइरसको सबभन्दा बढी जोखिम छ। प्रदेशको जनसंख्या, खुला सिमाना र सबभन्दा बढी वैदेशिक रोजगारका लागि यही प्रदेशका छन्। त्यस हिसावले कोरोना रोकथामका लागि हामीले पूर्वतयारीहरु पनि गरिरहेका थियौं। त्यसैले हामीले यो कोरोनाको संक्रमणकाललाई मध्यनजर गर्दै न्यूनीकरण गर्दै अगाडि बढिरहेका छौं। तथापि एक किशोरको अस्पतालमा मृत्यु भएको छ। यसप्रति प्रदेश सरकारको एकदमै ध्यानाकर्षण भएको छ। हामीले लक्ष्य लिएका छौं कि उपचारबिना कोही पनि नमरोस्। त्यसका लागि हामी पहल गरिरहेका छौं।

अस्पतालमा किशोरको निधन भएको घटनाप्रति हामी स्तब्ध भएका छौं र एकदमै दुःखी छौं। सो घटनाको हामी छानबिन गर्दैछौं। यसमा यदि कसैले कुनै किसिमको लापरवाही गरेका छन् भने हामी कडाभन्दा कडा कारबाही गर्छौं।

जीवनजल नपाउनु कतिसम्मको सत्य हो त्यसको छानबिन गर्दैछौं। यदि यो सत्य हो भने लापरवाही भएकै छ। यो कुरालाई प्रदेश २ को सरकारले गम्भीरताका साथ लिएको छ। यस विषयमा मैले सामाजिक विकासमन्त्रीसँग पनि छलफल गरेको छु। अब हामी तुरुन्तै छानबिन समिति गठन गर्छौं र वास्तविकता के हो त्यो ल्याउँछौं। कुनै किसिमको लापरवाहीका कारण मृत्यु भएको छ भने हामी कडाभन्दा कडा कारबाही गर्छौं।

उहाँ अर्को क्वारेन्टाइनमा हुनुहुन्थ्यो। हाम्रो पहिलो अनुसन्धानबाट के देखिएको छ भने उहाँलाई प्रादेशिक अस्पतालमा ल्याउँदा गम्भीर अवस्थामा हुनुहुन्थ्यो, समयमै चिकित्सक पुग्नुपर्ने अवस्थामा किन ढिलाइ भयो र उपचार हुन सकेन भन्ने कुराको अनुसन्धान गर्दैछौं। निश्चितरुपमा यो एकदमै दुःखद घटना हो। हामीले जुन लक्ष्य लिएका छौं, त्यसमा कहीं न कहीं कुठाराघात भएको छ। यसमा जोसुकै दोषी ठहर्छ उसलाई हामी छोड्दैनौं। यसका लागि हामी गम्भीरतापूर्वक अगाडि बढिरहेका छौं। हिजोसम्म प्रदेश २ मा जुन अवस्था थियो त्यसलाई सुधार गरेर सफल प्रदेशको रुपमा हामी निर्माण गर्न खोजेका छौं। हरेक व्यक्तिले यहाँ स्वास्थ्य सेवा लिनुपर्छ भन्ने हाम्रो धारणा छ। अहिले प्रदेश सरकारले कोरोना भाइरस संक्रमण रोकथामका लागि १ अर्ब २२ करोड ६९ लाख रुपैयाँ निकासा गरेका छौं। कोरोना रोकथामका लागि हामी दुई अर्ब रुपैयाँसम्म लगाउन सक्छौं। यदि प्रदेशका कुनै व्यक्ति उपचारको अभावमा ज्यान गुमाउँछ भने हाम्रो लागि दुःखद क्षण नै हुन्छ।

हाम्रो प्रयास जारी छ। एक दिनमै सबै कुरा राम्रो भइहाल्छ भन्ने होइन। प्रदेश एकात्मक शासन प्रणालीबाट संघीय शासनमा आयो। प्रदेश २ मात्रै होइन मधेशकै सबै जिल्लामा स्वास्थ्य, शिक्षा, रोजगारीको अवस्था पहिला कस्तो थियो, सबैलाई थाहा नै छ। यो बीचमा कोरोना संक्रमणले विश्वव्यापीरुपमा फैलिसकेको छ। यस्तो अवस्थामा हाम्रो देशमा स्वास्थ्यसम्बन्धी जुन उपकरणहरु छन्, एकदम न्यून छन्। हाम्रो देशमा स्वास्थ्य सामग्रहरु उत्पादन हुँदैन, अन्तर्राष्ट्रिय बजारबाट हामी ल्याउन बाध्य छौं। हामीले पैसा तिरेर पनि स्वास्थ्य सामग्री पाइरहेको अवस्था छैन। त्यसकारणले हामी जुन हिसावले काम गर्नुपर्ने हो, सकिरहेका छैनौं। यस्ता केही अप्ठ्याराहरु छन्। जुन बेला नेपालमा लकडाउन पनि भएको थिएन, हामी संघीय सरकारलाई ११ बुँदे सुझाव पत्र पठाएका थियौं। त्यो बेला प्रदेश सरकारले जिल्ला विपत् व्यवस्थापन समितिलाई ५०-५० लाख रुपैयाँ दियो। मैले त्यहीं बेला भनेको थिएँ कि क्वारेन्टाइनको आवश्यकता पर्न सक्छ। यस्तै, सुरक्षा व्यवस्थालाई सुधार्नका लागि प्रदेश प्रहरी कार्यालयलाई २० लाख, सशस्त्र प्रहरी बललाई २० लाख रुपैयाँ लगायत जिल्ला प्रहरी कार्यालयहरुलाई एकदम तयारी अवस्थामा रहनका लागि प्रदेश सरकारले रकम विनियोजन गरेको थियो। त्यसकारण हाम्रो प्रयास र चाहना हो तर कतिपय कुराहरु हामी चाहेर पनि गर्न नसकेको स्थिति छन्। त्यो चुनौतीलाई चिर्दै अगाडि बढ्ने हामी प्रयासमा छौं।

हाम्रा विभिन्न निकायहरु छन्, त्यहीं मार्फत् राहत रकम जाने कुराहरु छन्। हामीसँग स्रोत साधन एकदम न्यून छ। त्यहींबाट हामीले काम गर्नु परिरहेको छ। हामीले राहतका लागि मात्रै महानगरलाई २५ लाख, उपहानगरलाई २० लाख, नगरपालिकालाई १५ र गाउँपालिकालाई १० लाखको दरले सुरुमै पठायौं। त्यसपछि फेरि हामी दोस्रो चरणमा उद्योग मन्त्रालयमार्फत राहत पठायौं। तर जनप्रतिनिधिहरुले आफ्नो मतदातालाई मात्रै दिने, नागरिकता नभएकालाई नदिने जस्ता कार्यले समस्याहरु देखियो। स्थानीय सरकारलाई कहाँ के कामका सहयोग चाहिन्छ, उहाँहरुले प्रदेश सरकारसँग माग गरोस्, प्रदेश सरकार तयार छ। जुन समन्वयको भूमिका संघीय सरकारले गर्नुपर्ने हो, त्यो भूमिका प्रदेश सरकारले गरिरहेको छ।

बजेट खर्च गर्नका लागि विभिन्न किसिमका नीति र कानूनले पनि बाँधेको छ। त्यसकारणले हामी आवश्यकताअनुसार ठिक समय र ठाउँमा खर्च गर्न सकिरहेका छैनौं। अर्को कुरा प्रदेश सरकारसँग अहिलेसम्म आफ्नो कर्मचारी छैन। संघीय सरकारले जुन किसिमले निजामती कर्मचारी सम्बन्धी विधेयक ल्याइरहेको छ, मुख्यसचिव संघीय सरकारले पठाउने प्रयास गरिरहेको छ। प्रत्येक मन्त्रालयका सचिव संघीय सरकारले पठाउने, स्थानीय तहमा कार्यकारिणी अधिकृत संघीय सरकारले



**ज्ञानेन्द्र कुमार यादव**

पठाउने प्रयास गरिरहेको छ। यी सबै संघीय सरकारको प्रतिनिधि भइसकेपछि उनीहरुले प्रदेश वा स्थानीय तहलाई राम्ररी काम गर्न दिन्छ त ? संघीय सरकारको कर्मचारी भइसकेपछि हामीलाई ठिक समयमा ठिक ठाउँमा उचित तरिकाले कामै गर्न दिँदैन। जसकारणले अहिलेसम्म न त प्रदेशले राम्ररी काम गर्न सकेको छ न त स्थानीय तहले राम्ररी काम गर्न सकेको छ। यसकारण संघीय संस्थागत हुनु महत्वपूर्ण कुरा हो। त्यसैले नीतिगत कारणले गर्दा प्रदेश र स्थानीय सरकारले राम्ररी अगाडि बढ्न सकेको छैन। अहिले हामीले सबभन्दा बढी रकम स्वास्थ्य क्षेत्रमा छुट्याएका छौं। किनभने अहिलेको आवश्यकता पनि यहीं हो। अहिले विभिन्न देशहरुबाट मान्छेहरु फर्केर आइरहेका छन्, बेरोजगारी झन् बढ्ने स्थिति आउँदैछन्। त्यसैले कृषितिर पनि बढी बजेट राखेर कृषि उत्पादन र औद्योगीकरण गरेर बेरोजगार युवाहरुलाई रोजगार दिने कुरामा हामी अगाडि बढिरहेका छौं।

*(प्रदेश २ का आन्तरिक मामिला तथा कानूनमन्त्री यादवसँग गरिएको कुराकानीमा आधारित)*

# दिगो...

गर्न सकिन्छ पर्यटक साम्। फिसिगं, घोडा-भैंसी राइडिगं जंगल सफारी, बोटिगं, बैलगाडी सवारी, कुस्ती, गित-नाच र विभिन्न स्थानीय उत्पादनबाट निर्मित परिकारहरुले पर्यटकहरुलाई प्रदेशमा आकर्षण गर्न सक्छ। यस्ता पैकेजहरुले पर्यटकको बास अवधि बढाउँछ। धार्मिक, तथा प्राकृतिक पर्यटनका उचित व्यवस्थापनले वैदेशिक तथा आन्तरिक पर्यटनमा वृद्धि गर्न सकिन्छ। कृषि पर्यटनकालागि ठूल-ठूला कृषि फारमको विकास गर्ने र त्याहाँ फारम हाउसहरु बनाउने योजना ल्याउनु पर्छ। प्रत्येक फारम हाउसमा फरक-फरक किसिमको उत्पादन गर्न र त्यही उत्पादनका परिकारहरु बनाउने। यसरी एउट प्रदेशमा ५-१० दिनको भ्रमण पैकेज बनाइ पर्यटकलाई घुमाउने। प्राकृतिक, ग्रामिण, धार्मिक, सांस्कृतिक पर्यटनको प्रवर्द्धन गरी विश्वलाई नयाँ स्थानीय स्वाद दिन सकिन्छ। यी सवलाई सार्थक बनाउन व्यवहारिक शिक्षा पद्दती पनि लागु गर्नु पर्छ। माध्यामिक शिक्षालाई सैद्धान्तिक भन्दा व्यवहारिक बनाउनु पर्छ। अहिलेको अवस्थामा शिक्षा संचालन सबभन्दा चुनौतिपूर्ण कार्य भएको छ।

निश्कर्ष :

समृद्धिका आधार व्यापक रहे पनि केही महत्वपूर्ण छन्। जस मध्ये व्यवसायिक कृषि र पर्यटन नै प्रमुख विकल्प हो। हुन त यस अवधारणलाई सार्थक बनाउन व्यापक अध्ययन अनुसन्धान तथा बहसको आवश्यकता छ। जसले यसको पूर्ण खाका दिन सक्छ। विश्वसंग नेपालले प्रतिस्पर्धा गर्न सक्ने क्षेत्र कृषि र पर्यटन नै हो। अन्य क्षेत्रमा विश्वसंग तत्काल नेपाल प्रतिशपर्धा गर्न सक्दैन। मल्टिनेशनल कम्पनीहरु धेरै अगाडी बढी सकेको अवस्था छ। प्रदेश सरकारले पनि स्थानिय उत्पादन तथा स्रोत साधनको प्रयोगमा जोड दिनुपर्छ। परनिर्भतालाई कम गर्दै जानुपर्छ। समृद्ध राज्यका लागि दिगो विकासमा ध्यान केन्द्रित गर्नुपर्छ। रोजगार सिर्जना मूलक तथा सर्वहितकारी योजनाहरु प्राथमिकतामा राख्नुपर्छ। राज्यका काम-काज बढी भन्दा बढी पारदर्शी र नियमसंगत बनाउनु पर्छ। राज्यका बहुसंख्यक वर्ग-समुदाय, लिंग र जातका समस्यालाई उचित सम्बोधन हुनुपर्छ। राज्यको मुलधारबाट बाहिर रहेका वा पछाडी परेका नागरिकको जीवनस्तर उठान हुनुपर्छ। नगर समृद्ध गर्न नागरिक खुशी पार्नुपर्छ। तसर्थ समृद्धिका मूख्य आधार स्थानीय स्रोत-साधन तथा ज्ञानमा आधारित रोजगार, कृषि-पर्यटन तथा व्यवहारिक शिक्षाको विकास गर्नुपर्छ। कृषिलाई बास्तविक किसानसंग, सामाजिक प्रतिष्ठासंग, आधुनिक प्रविधिसंग, व्यवसायिक उत्पादनसंग, रोजगारसंग, उपभोक्तासंग, पर्यटनसंग, उद्योगसंग, दैनिक आवश्यकतासंग, विश्वबजारसंग, राज्यको अर्थ व्यवस्थासंग जोडनुको विकल्प छैन। कृषि उत्पादन र उपभोक्ता विचमा रहेका विचौलियाहरु नियन्त्रण हुनु आवश्यक छ। यसरी राज्यलाई आत्म निर्भर बनाउनसके हामीलाई जस्तोसुकै परिस्थितिमा अरुको मुख ताक्नुपर्ने अवस्था आउँदैन र यस्ता कोरोना होस् या छिमेकी देशहरुको विभिन्न वाहानामा धम्की नेपाली जनताले सहनु पर्ने हुँदैन। समग्रमा भन्दा नेपाल सरकारसंग रहेका विभिन्न समस्यालाई अवसर बनाउने यही मौका हो। किनभने नेपालका प्रायः युवा अहिले आफ्नै देशमा बस्नुपर्ने बाध्यताका साथ बेरोजगार भएर बसिरहेका छन्। तसर्थ यी यावत चुनौतिहरुलाई अवसरको रुपमा रुपान्तरण गर्नैपर्छ। त्यसका एकमात्र विकल्प हो व्यवसायिक, वैज्ञानिक तथा रोजगारमुलक कृषि। कृषि। कृषि।




## संक्षिप्त समाचार

### यूएईद्वारा पाकिस्तानबाट आउने सबै उडान रद्द

युएई। संयुक्त अबर इमिरेट्स (यूएई)को जनरल सिभिल एभिएशन अथोरिटी (जीसीएए) ले पाकिस्तानबाट आउने सबै उडान रद्द गर्ने घोषणा गरेको छ। यसमा ट्रान्जिट उडान पनि समावेश छन्। युएईले जबसम्म पाकिस्तान संयुक्त अरब इमिरेट्को रुटमा आउने सबै यात्रुका लागि कोभिड-१९ को परीक्षणको व्यवस्था गर्दैन तबसम्म यो निर्णय लागू गर्ने बताएको छ। यूएईले यस्तो कदम मानिसहरुको स्वास्थ्यसँग कुनै खेलबाड नहोस् भन्दै सावधानीका लागि उठाइएको बताएको छ। जीसीएएले यो निर्णयबाट प्रभावित सबै यात्रुलाई आ-आफ्ना एयरलाइन्सलाई सूचित गर्न र आफ्नो यात्राको मिति स्थगित गर्न जानकारी दिएको छ।

### नागरिकता विधेयकविरुद्ध जनकपुरमा प्रदर्शन

जनकपुरधाम। नागरिकता संशोधन विधेयकमा गरिएको विदेशी बुहारीलाई सात वर्षपछि मात्र नागरिकता दिने व्यबस्था खारेजीको माग गर्दै जनकपुरधाममा विरोध प्रदर्शन गरिएको छ। नेपाली कांग्रेसको भातृ संगठन नेपाल महिला संघले आइतबार जनकपुरमा पार्टी कार्यालयबाट शुरु गरिएको विरोध ऱ्याली क्याम्पसचोक, मुरलीचोक, रामाचोक हुँदै जनकचोकमा गई कोणसभामा परिणत भएको थियो। कोणसभालाई सम्बोधन गर्दै नेपाल महिला संघकी क्षेत्रीय सचिव सम्झना वर्माले नेकपाको निर्णयले लैंगिक समानताको खिल्ली उडाएको भन्दै विधेयक खारेज नगरिए कडा आन्दोलन गर्ने चेतावनी दिइन्।

### श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

धनुषा। आफनै २१ वर्षीया श्रीमती रुन्ची देवी सदालाई कुटपिट गरी हत्या गरेको अभियोगमा हंसपुर नगरपालिका-५ बस्ने २५ वर्षीय सुरेश सदालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। सुरेशको कुटपिटबाट गम्भीर घाइते भएकी रुन्चीको प्रादेशिकअस्पतालमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सुगानिकाशबाटर जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### भैसीले हान्दा मृत्यु

कैलाली। धनगढी उपमहानगरपालिका-१५ कनरी बस्ने ९० वर्षीया लक्ष्मी देबी भण्डारीलाई भैसीले हान्दा आइतबार बिहान मृत्यु भएको छ। सोही ठाउँस्थितकनरी नदीको किनारमा बाख्रा चराउने क्रममा सोही ठाउँ बस्ने नाले सुनारको भैसीले हन्दा गम्भीर घाइते भएकी उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो।

### स्रोत नखुलेको १० लाखसहित पक्राउ

रौतहट। गौर नगरपालिका-२ महादेवपट्टीस्थित सडकबाट स्रोत नखुलेको नेपाली नगद १० लाख रूपैयाँसहित सोही स्थान बस्ने २३ वर्षीय अभिनास जैसवाललाई प्रहरीले पक्राउ गरेको छ। बुधबार राति जिल्ला प्रहरी कार्यालय रौतहट र २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ३० यू २५३३ नम्बरको मोटरसाइकललाई जाँच गर्नेक्रममा मोटरसाइकलका चालक जैसवाललाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो।

### पर्खालले च्यापिएर बालकको मृत्यु

सप्तरी। घरको ईट्टाको पर्खाल लड्दा सोही पर्खालले च्यापिएर खडक नगरपालिका-१ बस्ने राजकुमार मण्डलको १० वर्षीय छोरा शिव कुमार मण्डलको बिहीबार दिउँसो मृत्यु भएको छ। सोही नगरपालिकास्थित सिस्वा वडा कार्यालयद्वारा भित्रि बाटो बनाउने क्रममा उक्त नगरपालिकाको ष.२ क९६८ नम्बरको रोलरले बाटो सम्याउने क्रममा रोलरको कम्पनले बाटो छेउमा रहेको बाबुलाल झाको घरको ईट्टाको पर्खाल लड्न जाँदा शिव कुमार मण्डलको घटनास्थलमै मृत्यु भएको हो। हाल फरार रहेका रोलरकाचालकको प्रहरीले खोजी गरिरहेको छ।

### बारामा चट्याङ लागेर चार जनाको मृत्यु

बारा। कलैया उपमहानगरपालिकाको सितलपुर र फेटा गाउँपालिका त्रिवेणीमा बिहीबार बिहान चट्याङ लागेर चार महिलाको मृत्यु भएको छ। फेटा-१ त्रिवेणीका ३० वर्षीया ईन्दु देवी महतो र ४० वर्षीया सुनारपति देवी महतो एवं कलैया उपमहानगरपालिका सितलपुरको ३५ वर्षीया आसादेवी महतो र ४५ वर्षीया हलिमा खातुनको मृत्यु भएको हो। चट्याङले फेटा गाउँपालिकाका ६ र कलैया नगरपालिकाका १ गरी सात जना घाइते भएका छन्। घाइते हुनेहरुमा फेटा गाउँपालिका ५५ वर्षीया बचवादेवी हजाम, ६० वर्षीया राजपति देवी, ३५ वर्षीया कान्ति देवी, ६० वर्षीया उमा देवी, २५ वर्षीया लिलावती देवी र ३५ वर्षीया सोसिता देवी छन्। यसैगरी कलैया नगरपालिकाकी ५० वर्षीया मरियम खातुन पनि घाइते भएकी छन्।

### काभ्रेमा पनि नागरिकता विधेयकको विरोध

काठमाडौं। नागरिकता विधेयकको विरोधमा जनता समाजवादी पार्टी नेपालले काभ्रे जिल्लाको धुलिखेलमा पनि विरोध प्रदर्शन तथा सभा गरेको छ। नागरिकता विधेयकका विभेदकारी प्रावधान हटाउन माग गर्दै जनता समाजवादी पार्टी काभ्रेले प्रदर्शन गर्नुको साथै जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्रसमेत बुझाएको जसपाका नेता सबर प्रजापतिले जनाएका छन्। विदेशी बुहारीलाई ७ वर्षपछि मात्रै अंगीकृत नागरिकता दिने र विदेशी ज्वाइँलाई नागरिकता नदिने प्रावधान विरुद्ध प्रदर्शन गरिएको जनाइएको छ। राज्य व्यवस्था तथा सुशासन समितिले संसदमा पेश गरेको नागरिकता ऐनको संशोधन प्रस्ताव भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि विरोधी रहेको भन्दै विवेकहीन र पश्चगामी रहेको जसपाको ठहर छ। नागरिक विधेयकप्रति खेद प्रकट गर्दै तत्काल सच्याउन जसपा काभ्रेले प्रधानमन्त्रीलाई चार बुँदे मागसहित ज्ञापनपत्र बुझाएको हो।

### ट्याक्टर पल्टिँदा च्यापेर चालकको मृत्यु

मोरङ। खेत जोत्ने क्रममा ट्याक्टर पल्टिएर दुर्घटना हुँदा च्यापिएर चालकको मृत्यु भएको छ। धनपालथा नगाउँपालिका-५ स्थित लखना रायको खेत जोत्ने क्रममा को.२ त ६२१८ नम्बरको ट्याक्टर पल्टिदा ट्याक्टरले च्यापिएर चालक सोही गाउँपालिका-६ बस्ने २२ वर्षीय मोहमद सजाद मियाँको सोमबार दिउँसो घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ।

### लागूऔषधसहित दुई जना पक्राउ

रुपन्देही। सैनामैनानगरपालिका-५ बक्सड डाँडाबाट अवैध लागूऔषध जस्तो देखिने खैरो धुलो ५ ग्रामसहित २ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा पाल्पा रिब्दिकोट गाउँपालिका(७ बस्ने २७ वर्षीय सुसान्तरायमाझी र रुपन्देही बुटवल उपमहानरपालिका(१२ तामनगर बस्ने २५ वर्षीय प्रकाशथापा रहेका छन्। उक्त स्थानमा ईलाका प्रहरी कार्यालय रन्यौरा र ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त परिमाणको लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

### चार केजी गाँजासहित तीन जना पक्राउ

रौतहट। चन्द्रपुर नगरपालिका-४ स्थित सडकबाट अबैध लागूऔषध गाँजा ४ केजी सहित कटहरिया नगरपालिका-१ बस्ने २० वर्षीय दुर्गा दास समेत ३ जनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय चपुरबाट खटिएको प्रहरीले बीआर २२ यू १७५६ नम्बरको मोटरसाइकल जाँच गर्ने मोटरसाइकलमा सवार उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### नहरको डिलमा मृत फेला

मोरङ। कानेपोखरी गाउँपालिका-३ बस्ने ५० वर्षीय गुलाब चन्द रिषिदेब सोही गाउँपालिकास्थित नहरको डिलमा मंगलबार राति मृत अवस्थामा फेला परेका छन्। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कार र मोटरसाइकल ठोक्किादा दुईको मृत्यु

रुपन्देही। सैनामैना नगरपालिका-८ शान्तीटोलस्थित सडकमा लु.२ च ८५२९ नम्बरको कार रलु.५२ प ६२२९ नम्बरको मोटरसाइकल एक(आपसमा ठक्कर खाई सोमबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ। दुर्घटनामा मोटरसाइकल चालकसोही नगरपालिका-१ बनकट्टा बस्ने ३२ वर्षीय सन्तोष परियार रमोटरसाइकलमा सवार उनकै बुवा ५० वर्षीय टेक बहादुर परियारको उपचारको क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएको हो। साथै दुर्घटनामा घाइते भएका कारमा सवार एक जनाको सोही अस्पतालमा उपचार भइरहेको छ। कार रचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# चीनसँग सीमा विवाद छैन : सरकार

काठमाडौं । सरकारले चीनसँग नेपालको सीमा विवाद नरहेको दाबी गरेको छ ।

परराष्ट्र मन्त्रालयले बिहीबार विज्ञप्ति जारी गरी सीमा विवादसम्बन्धी समाचार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको एक रिपोर्टका आधारमा प्रकाशन भएको तर कृषि मन्त्रालयले नै त्यस्तो प्रतिवेदन अस्तित्वमा नै नभएको बताएको परराष्ट्रले उल्लेख गरेको छ ।

कृषि मन्त्रालयले सीमासम्बन्धी विषय आफ्नो क्षेत्राधिकारमा नपर्ने पनि उल्लेख गरेको परराष्ट्रले विज्ञप्तिमार्फत बताएको छ । त्यस्तै, हराएको भनिएको ३७ र ३८ नम्बरको सीमा स्तम्भ राख्दै नराखिएको मन्त्रालयले बताएको छ । प्राकृतिक कारणले दुई देशबीचकै सहमतिमा ती स्तम्भ नराखिएको परराष्ट्रको भनाइ छ । नेपाल र चीनबीचको सीमा सन् १९६१ अक्टोबर ५ मा दुई देशबीच भएको सीमा सम्झौताले निर्धारण गरेबमोजिम रहेको परराष्ट्रले उल्लेख गरेको छ । सीमासम्बन्धी केही समस्या देखिएमा दुई देशबीचको समझदारीमा समाधान गर्ने पनि परराष्ट्रले विज्ञप्तिमा उल्लेख गरेको छ ।

कृषि मन्त्रालयले बिहीबार नै विज्ञप्ति जारी गरी नेपाल र चीनबीच सीमा विवाद भनी उल्लेख गरिएको समाचारमा आधार बनाइएको प्रतिवेदन मन्त्रालयबाट प्रकाशित नै नभएको बताएको छ । 'उक्त समाचारको आधार बनाइएको प्रतिवेदन यस मन्त्रालयबाट प्रकाशित नै नभएको र सोसम्बन्धी विषय मन्त्रालयको कार्य क्षेत्रसमेत नभएकाले उक्त समाचारमा कुनै सत्यता नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ' सचिव राजेन्द्रप्रसाद भारीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।


अवधि भाषामा

## आव. हमलोकके खातिर सचेतता, कोरोना भाइरस रोगका संक्रमणका रोकैत अपनायजायवाला सतर्कता:

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण होई ।
- संक्रमित मनई खाँसत, ओइ छिकत निकालइवाला थुक, ओई नाकके माध्यमसे एक मनईसे दुसर मनइमा यी भाइरस फैलत हई ।

**यी संक्रमणसे बचैके खातिर का करैके चाही ?**

- खाँसत, छिकत नाकमुख मुदो, और प्रयोग करैका टिसुपेपरका तुरुन्तै कुडाफेकेवाला जगहमा बेगाइदिया जाई ।
- समय समयमे साबुन पानीसे हातमुह मल-मलके धोवजाय या सेनिटाइजर प्रयोग किया जाए ।
- हात नमिलाऊ, ओके जगहमा नमस्कार और रामराम करो ।

**का ना करै ?**

- जुकाम लगइ मनइसे दुर रहजाय । या अपनेका जुकाम लगा है तो और मनिमसे दुर बैठाजाए । भीडमे नजावजाय, औरका नजावजाय बतावजाय ।

**और ध्यान देव परैवाला बात :**

- बोखार आवत, खाँसी लागत, स्वाँस लेबे तकलिफ होत नेहरेरहा स्वास्थ्य केन्द्रमे इहियन सम्पर्क कराबजाय ।
- कोरोना भाइरस रोगके बारेम और जानकारीके खातिर पैसा नपरेवाला हटलाइन टेलिफोन नं. १११५ मा फोन करजाय ।
- न परिसान हुआजाय, लेकिन होसियार रहजाय ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०४१५२२३४०
इमेल : malcprovince2@gmail.com


# अन्तर्राष्ट्रिय आतंकवादी समूहले नेपाललाई निशाना बनाउन सक्छन्: अमेरिका

काठमाडौं । अमेरिकाले नेपाली भूभागलाई अन्तर्राष्ट्रिय आतंकवादी समूहहरुले ट्रान्जिटको रुपमा प्रयोग गर्न सक्ने जनाएको छ ।

अमेरिकाको विदेश मन्त्रालयले आतंकवाद सम्बन्धी प्रतिवेदन-२०१९ मा गैरनेपालीको अन्तर्राष्ट्रिय आतंकवादी संगठनहरुले नेपाललाई ट्रान्जिट बनाउन वा आक्रमण गर्ने स्थल वा सफ्ट टार्गेट ( निशाना) को रुपमा प्रयोग गर्नसक्ने औल्याएको हो ।

'भारतसँग खुला सीमा भएको र देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षाको कार्यविधि पर्याप्त नभएको हुँदा नेपाल अन्तर्राष्ट्रिय आतंकवादीहरुको ट्रान्जिट बन्नसक्छ,' प्रतिवेदनमा भनिएको छ ।

अमेरिकाको विदेश मन्त्रालयले प्रत्येक वर्ष बिभिन्न देशमा हुनसक्ने आतंकवादी गतिविधिबारे प्रतिवेदन तयार गरी त्यहाँको संसदमा प्रस्तुत गर्ने गर्छ । सो प्रतिवेदन अमेरिकी विदेश मन्त्री माइक पोम्पिओले सार्वजनिक गरेका हुन् ।

'सरकारले आतंकवाद र मुख्यतः द्वन्द्वबाट सिर्जित 'अतिवादी' विचारधारा वा मध्यपूर्वको अस्थिरतालाई सामान्यतया नेपालका लागि कुनै गम्भीर खतराको रुपमा लिँदैन,' प्रतिवेदनले भनेको छ । सो प्रतिवेदनले नेपाल अहिले सामान्यतया आतंकवादी संगठनहरुका लागि उर्वरभूमि भने नभएको प्रतिवेदनको ठहर छ ।

सो प्रतिवेदनमा नेपालको राजनीतिक हिंसाको आकार पनि सानो परिमाणमा मात्रै रहेको र ती आक्रमणहरु मुख्यरुपमा भौतिक पूर्वाधार, सरकारी कार्यालय वा राजनीतिक दलहरु वा तीनका पदाधिकारीहरुमा लक्षित रहेको उसको ठहर छ ।

'सन् २०१९ को उपनिर्वाचनका बेला केही स्थानमा मतदातालाई धम्क्याउने र केही विषयमा राजनीतिक दबाब दिइएको छ,' प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी विप्लव माओवादीले राजनीतिक उद्देश्य प्राप्त गर्नका लागि कहिलेकाँही आतंककारी गतिबिधिको साहारा लिने गरेको पनि प्रतिवेदनमा उल्लेख छ ।

# संसदमा हिन्दी भाषा प्रयोग विरुद्धको रिटमा कारण देखाउ आदेश

काठमाडौं । संघीय संसदमा हिन्दी भाषालाई निषेध र नेपाली भाषा प्रयोगको माग गर्दै सर्वोच्च अदालतमा परेको रिटमा सर्वोच्चले कारण देखाउ आदेश जारी गरेको छ ।

अधिवक्ताद्वय केशरजंग केसी र लोकेन्द्र ओलीले संघीय संसदमा हिन्दी भाषा प्रयोग विरुद्धको रिटमा न्यायाधीश प्रकाश ढुंगानाको एकल इजलासले संघीय संसदका नाममा कारण देखाउँ आदेश जारी गरेको हो ।

सुरुमा सर्वोच्च अदालतका मुख्य रजिष्टार नृपध्वज निरौलाले दरपीठ गरिदिएको रिट गत आइतबार सर्वोच्चका न्यायाधीश टंकबहादुर मोक्तानको दरपीठ बदर हुने आदेशका आधारमा मंगलबार दर्ता भएको थियो ।

'निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ?,' सर्वोच्चको आदेशमा भनिएको छ, 'माग बमोजिम आदेश जारी गर्नु नपर्ने कुनै आधार र कारण भए सबुद प्रमाणसहित म्याद पाएको मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र विपक्षीले महान्यायाधिवक्ताको कार्यलयमार्फत लिखित जवाफ पेस गर्नु ।'

संसदमा भाषाको प्रयोग सम्बन्धी बहसमा बिहीबार वरिष्ठ अधिवक्ताद्वय बालकृष्ण न्यौपाने र डा चन्द्रकान्त ज्ञवाली तथा अधिवक्ताहरु अनन्तराज लुइटेल, विकास भट्टराई, किर्तिनाथ शर्मा पौड्याल, विष्णु लुइटेल, हरिप्रसाद दाहाल, केसरजंग केसी, लोकेन्द्र ओली र ज्ञानेन्द्र घलेले बहस गरेका थिए । बहसपछि न्यायाधीश ढुंगानाको इजलासले संघीय संसदका नाममा कारण देखाउ आदेश जारी गरेको हो ।

'नेपालको संविधानको धारा ७ को उपधारा १ मा सरकारी कामकाजको भाषा देवनागरी लिपीमा लेखीने नेपाली भाषा हुने व्यवस्था, संविधानको धारा १ (२) र धारा ४८ (ख) मा संविधान र कानुनको पालना गर्नु नागरिकको कर्तव्य हुनेछ भन्ने व्यवस्था छ,' रिटमा भनिएको छ, 'त्यसकारण विधायकहरुले संघीय संसद्का दुवै सदनमा बोल्नु भनेको सरकारी कामकाज कै लागि हो । जसलाई ऐतिहासिक महत्वका साथ इतिहास पर्यन्त अभिलेख राखिन्छ। अतः दुवै सदनमा नेपालीभाषा मात्र बोल्नु पर्छ ।' रिट निवेदनमा संविधानको धारा १३३ (२) (३) बमोजीम उत्प्रेषणले यस अघि हिन्दी भाषामा बोलिएको सामग्री हटाइ उप्रान्त नेपाली भाषा मात्र बोल्नुरबोल्न लगाउनु भनी संघीय संसदका दुवै सदनका नाममा परमादेश जारी गर्न माग गरिएको छ ।

# तराई अस्पतालमा महिलासँग दुर्व्यवहार गरेको आरोप

वीरगन्ज । वीरगन्ज तराई अस्पतालमा महिला बिरामीसँग दुर्व्यवहार र अनाहक पैसा लिएको पीडितले सञ्चारकर्मीहरुलाई बताएकी छिन् ।

वीरगन्ज नारायणी यातायात नजिक रहेका तराई अस्पतालले आफ्नो सम्पूर्ण हद पार गरेर केवल पैसा कमाउने सुरतालमा रहेको पीडित पिंकी यादवले आरोप लगाएकी छिन् ।

जेष्ठ १७ गते पेट दुखेर भर्ना भएकी यादवलाई विभिन्न ईलाज प्रक्रियाहरुलाई अग्रसर बनाई पैसा कुमल्याउने बहानामा विरामी पिंकी यादवको अभिभावकसँग उपचार नगरीकन उपचारको नाममा ३० हजार रुपैयाँ ठगी गरेको पिडित यादवको आरोप रहेको छ ।

तराई अस्पतालमा भर्ना भएपछि त्यहाँ ड्युटीमा रहेका डा.रोशन कुर्मी, डा.गोरखनाथ मिश्रा र डा.अजय गुप्ताले महिला विरामीको स्वास्थ्यसँग खेलवाड गर्दै उपचार गरिएको थियो ।

साधारण पेटको विरामी भएर गएका पिंकी यादवलाई उपचारको क्रममा चिकित्सकहरुले अभिभावकलाई नभनी विरामीलाई उसकै पीडा उसलाई नै सुनाउँदै चिकित्सकहरुले विरामीहरुको मानसिक सन्तुलन समेत बिगाडेको पीडित यादवका अभिभावकले आरोप लगाउँदै सञ्चारकर्मीहरु समक्ष आफनो पीडा पोखेका छन् ।

जेष्ठ १७ गते भर्ना भएकी पिंकी यादवलाई अनावश्यक उपचार गर्ने क्रममा चिकित्सक गोरखनाथ मिश्रा अजय गुप्ता लगायतका हरु ले विरामी पिंकी यादवलाई "तिम्रो पितको थैली फटी सक्यो" जस्ता कुराहरु सुनाउने गरिन्थ्यो र केहि बेरमा आउने चिकित्सकहरुले अविवाहिक पिंकी यादवलाई बच्चा दानीको समस्या पनि भएको र तिमी नबाँच्ने अवस्थामा रहेको छौ भन्ने चिकित्सकहरुले बारम्बार मानसिक संतुलन विगार्न प्रयास गरेको पीडित पिंकी यादवले सञ्चारकर्मीहरुलाई बताएकी छिन् ।

यस्ता चिकित्सकहरुलाई कानुनको दायरामा ल्याई कारवाहि प्रक्रीयाहरु अगाडी बढाउने पर्ने माग गरेकी छिन् । "तराई अस्पतालमा रहन्जेलसम्म विहान सेतो खाले एउटा ट्याब्लेट दिई दिन भरी लठ्ठ पारी निन्द्रासमा म रहने गरिन्थे र बेलुकी ४-५ बजे निन्द्रा खुल्दा पुनः ट्याब्लेटहरु ख्वाई लठ्ठ पार्न गरीन्थ्यो", भन्ने विरामीको आरोप रहेको छ ।

पिंकी यादव पिडित भएपछि रोगको टुँगो नलाग्दा रेफर गराई प्रभु अस्पतालमा गई आफ्नो ईलाज प्रक्रीयाहरु अगाडी बढाउँदा साधारण रोग मात्रै भएको प्रभु अस्पतालले प्रमाणित गरेपछि दुई तिन दिन भित्र नै आफ्नो घर फर्केकी पिडित पिंकी यादवले सञ्चारकर्मीहरुलाई जानकारी गराइन् ।

तराई अस्पतालबाट रेफर गराउँदा २५ देखि ३० हजार रुपैयाँ उपचारको नाममा ठगिएको समेत विरामीका अभिभावकले आरोप लगाएका छन् । साथै यस्ता चिकित्सकहरुलाई सम्बन्धित निकायले कारवाहि गर्नुको साथै न्याय पाओस् भन्ने विषयमा पीडित पिंकी यादवले आग्रह गरेकी छिन् ।


बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।

**जलेश्वरनाथ नगरपालिका**
महोत्तरी


## सीमामा सशस्त्रका थप ८९ वटा बीओपी स्थापना हुँदै

काठमाडौं । सरकारले सशस्त्र प्रहरीका ८९ वटा बोर्डर आउट पोष्ट (बीओपी) थप गर्ने भएको छ । नेपालका भारत र चीनसँग सीमा जोडिएका विभिन्न ११४ वटा स्थानमा सशस्त्र प्रहरीका बीओपी स्थापना गर्ने योजना अनुरुप काम अगाडि बढाइएको हो । हुम्लाको हिल्सा, संखुवासभाको किमाथांका, मुस्ताङको लोमानथाङमा र दार्चुलाको छाङरुसहित सीमानाका २५ स्थानमा यसअघि नै बीओपी स्थापना भइसकेका छन् । थप ८९ वटा स्थानमा बीओपी राख्नका लागि सशस्त्र प्रहरीले कतिपय ठाउँमा जग्गाको पनि टुंगो लगाइसकेको छ भने केही स्थानमा भाडाको घरमा बस्ने योजना बनाएको छ ।

## विश्व परिवेश

# बाढी र डुबान समस्या समाधानमा नेपाल र भारतबीच समन्वय



नयाँदिल्ली । भारतले बाढी र डुबान समस्या समाधान सम्बन्धमा नेपालसँग समन्वय भइरहेको बताएको छ । भारतका विदेश मन्त्रालयद्वारा बिहीबार आयोजित नियमित पत्रकार सम्मेलनमा प्रवक्ता अनुराग श्रीवास्तवले बाढी र डुबान समस्या सम्बोधनका लागि दुई देशबीच रहेको संयन्त्रले काम गरिरहेको बताएका हुन् ।

नेपालका नदीहरुमा आउने बाढीका कारण बिहारलगायतका सिमावर्ती राज्यहरुमा हुने डुबानका विषयमा सञ्चारकर्मीहरुले राखेको जिज्ञासामा जवाफ दिँदै प्रवक्ता श्रीवास्तवले भने,'भारत र नेपालबीच बाढी नियन्त्रणको कामका लागि दुई पक्षीय संयन्त्र छन् । सीमामा रहेका नदीहरुमा बाढी नियन्त्रण र भूक्षय रोक्ने काम सुरु भइसकेको छ ।' साथै यो वर्षको मनसुनमा हुनसक्ने क्षति कम गर्न दुवै पक्षबीच समन्वय भइरहेको समेत उनले बताएका छन् ।

केही दिनअघि बिहारका जलसंशाधन मन्त्री सन्जय झाले नारायणी (गण्डक) नदीमा बनेको बाँधको सफाई र मर्मतको काममा नेपालले अवरोध गरेका आरोप लगाएका थिए । यसले बिहारमा बाढी र डुबानको जोखिम बढाएको समेत जनाएका थिए ।

तर, नेपालले भने मन्त्री झाको आरोपको खण्डन गर्दै कोभिड १९ को नियन्त्रण र रोकथामका लागि सीमा बन्द गरिएको र संक्रमणको जोखिम कम गर्न बाँधको मर्मत एवं सफाइका लागि आउने प्राविधिकहरुको सूची पठाएको खण्डमा अनुमति दिइने जनाएको थियो । त्यही प्रक्रिया पुरा गर्नका लागि समय लागेको हुँदा बाँधको काम रोकेको भन्ने मन्त्रीको आरोप सत्य नभएको जनाएको थियो ।

यस्तै नेपाली पुरुषसँग विवाह गर्ने विदेशीलाई सात वर्षपछि नागरिकता दिने प्रावधानप्रति भारतले घुमाउरो ढंगले आपत्ति जनाएको छ । प्रवक्ता श्रीवास्तवले यस विषयमा विभिन्न रिपोर्ट देखेको बताए ।

'नेपाल र भारतका जनताबीच एकदम गहिरो र पारिवारिक सम्बन्ध छ', उनले भने, 'यो सम्बन्धले दुई देशबीच रहेको नजिकको सभ्यतागत र सांस्कृतिक सम्पर्क प्रतिविम्बित गर्छ ।'

'व्यापार र सप्लाई बिनाअवरोध अगाडि बढिरहेका छन् । काँकडभिट्टा र पानीट्यांकी क्षेत्रमा पनि कुनै अवरोध छैन । दुई मुलुकको बीचमा ठूलो व्यापार छ', प्रवक्ता श्रीवास्तवले भने, 'लकडाउनको समयमा पनि दुई देशको व्यापार बढिरहेको छ । मे महिनामा मात्रै ३ सय मिलियन अमेरिकी डलरभन्दा बढीको व्यापार भयो ।' उनले कोभिडको चुनौतीपूर्ण समयमा पनि नेपालसँगको व्यापार र अत्यावश्यक सामानको प्रवाहमा सहजीकरण गरिरहेको बताए ।

यस्तै भारतले लिपुलेक, लिम्पियाधुरा र कालापानीका सम्बन्धमा थप प्रतिक्रिया नदिने बताएको छ। उसले नेपालमा चीनको प्रभाव, नयाँ नक्सा, विदेश सचिवस्तरीय बैठकलगायतका विषयमा टिप्पणी नगर्ने पनि स्पष्ट गरेको छ।

प्रवक्ता अनुराग श्रीवास्तवले नेपालले जारी गरेको नयाँ नक्साबारे कुनै जानकारी नदिने बताउँदै नेपाल र भारतबीच आपूर्ति व्यवस्था निरन्तर रहेको उल्लेख गरे ।

'भारतले आफ्नो धारणा १३ जुनमा सार्वजनिक गरिसकेको छ । यस सम्बन्धमा थप प्रतिक्रिया छैन,' श्रीवास्तवले भने । नेपाल र भारतबीच अत्यावश्यक सामग्री तथा व्यापारका लागि आपूर्ति व्यवस्थामा अवरोध नआएको उनको भनाइ थियो । लकडाउनको चुनौतीमाझ पछिल्लो महिनामा मात्रै नेपाल र भारतबीच ३० करोड अमेरिकी डलरबराबरको व्यापार भएको श्रीवास्तवले जानकारी दिए ।

# चीनसँग युद्धको विकल्पबारे भारतमा उच्च तहको छलफल

नयाँ दिल्ली । भारत र चीनबिच सीमालाई लिएर उत्पन्न पछिल्लो विवाद शान्तिपूर्ण रुपमा समाधान गर्नका लागि वार्ता भइरहेका छन् ।

तर वार्तासँगै आवश्यक परेको अवस्थामा सैन्य जवाफका लागि पनि तयार हुनु पर्ने आवाज भारतका शीर्ष नेताहरुबीचको छलफलमा उठेको छ ।

ती छलफलहरुमा 'युद्ध', 'भिडन्त' जस्ता शब्दको प्रयोग गरी त्यसका लागि पनि तयार रहनु पर्ने आवाज उठेको उच्च स्रोतलाई उद्धृत गर्दै इन्डियन एक्सप्रेसले जनाएको छ ।

जुन १५ को राति पूर्व लद्दाखको सीमा क्षेत्र वास्तविक नियन्त्रण रेखा (एलएसी) मा भारत र चीनका सेनाबिच भिडन्त भएको थियो । सो भिडन्तमा भारतीय सेनाका एक उच्च अधिकारीसहित २० जनाको ज्यान गएको थियो ।

चिनियाँ सेनामा पनि हताहती भएको दाबी गरिए पनि चीनले अहिलेसम्म कुनै पुष्टि गरेको छैन । सो भिडन्तपछि भारत-चीनबिच सीमालाई लिएर विवाद उत्कर्षमा पुगेको छ । अहिले पनि एलएसीमा दुवै देशका सेनाको तैनाथी ठूलो संख्यामा रहेको र चीनले निर्माण कार्य गरिरहेको भारतीय दाबी छ ।

हालको समस्या शान्तिपूर्ण रुपमा समाधान गर्नका लागि भारत र चीनका उच्च सैनिक अधिकारी तथा कूटनीतिक स्तरमा वार्ता भइरहेका छन् । ती वार्तामा दुवै पक्ष युद्ध नचाहेको र शान्तिपूर्ण रुपमा समस्या समाधान हुनु पर्नेमा सहमत भए पनि आरोप-प्रत्यारोप रोकिएको छैन । निकाश निस्कन सकेको छैन ।

भारतमा चीनसँगको तनाव कम गर्नका लागि शान्तिपूर्ण मार्ग प्राथमिकतामा राख्नु पर्ने शीर्ष नेताहरुले बताए पनि युद्ध वा भिडन्तका लागि पनि तयार हुनु पर्ने आवाज चर्को रुपमा उठेको दाबी उच्च स्रोतलाई उद्धृत गर्दै इन्डियन एक्सप्रेसले खबर छापेको छ ।

छलफलमा सहभागी भएका उच्च अधिकारीले भनेका छन्, 'हामी तनाव चाहँदैनौं तर चीनको दबाबमा सम्झौता पनि गर्ने छैनौं ।' उनले भने, 'हामी पछि हट्ने छैनौं, उनीहरुको सामना गर्ने छौं ।'

जुन १५ को घटनापछि पनि चीन सीमा क्षेत्रमा देखिएको तनाव कम गर्ने वा सैन्य गतिविधि सीमित गर्ने पक्षमा नदेखिएकाले भारतीय पक्षमा पनि युद्ध वा भिडन्तको विकल्पबारे पनि छलफल भइरहेको स्रोतले बताएको खबरमा उल्लेख छ ।

# पाकिस्तानी पूर्वप्रधानमन्त्री शरिफविरुद्ध मुद्दा दायर

लाहोर । पाकिस्तानका पूर्व प्रधानमन्त्री नवाज शरिफका विरुद्धमा भ्रष्टाचारसम्वन्धी मुद्दा दायर गरिएको छ । पाकिस्तानको भ्रष्टाचार नियन्त्रणसम्वन्धी निकायले भ्रष्टाचार गरेको भन्दै उनका विरुद्धमा मुद्दा दायर गरेको अधिकारीहरुले जनाएका छन् । उनीसँगै अरु तीन जनलाई पनि ३४ बर्ष अगाडिको प्रञ्जाव प्रान्तको जग्गासम्वन्धी काम कानुन विपरित गरेको भन्दै दोषी दावी गरेर मुद्दा दायर गरिएको हो । स्वास्थ्य उपचारका क्रममा अहिले बेलायतको लण्डनमा रहेका ७० बर्षीय शरिफलाई पक्राउ पुर्जी पनि जारी गरिएको छ ।

पाकिस्तानमा तीन पटक प्रधानमन्त्री भएका शरिफलाई यस अघि भ्रष्टाचारसम्वन्धी अन्य मुद्दा पनि लगाइएको छ । अहिलेको मुद्दामा उनीसँगै दोषी दावी गरिएकामा जङ्गजेओ मिडिया ग्रुपका सञ्चालक मिर शकिलुर रहमान, लाहोर विकास प्राधिकरणका पूर्व निर्देशक हुमायुन फइज रासुल र पूर्व भूमि निर्देशक मिअन बसिर रहेका छन् । सन् १९८६ मा शरिफ पञ्जाबको मुख्यमन्त्री भएका थिए । मुख्यमन्त्री रहेको समय उनले अवैध तरिकाले मिर शुकिलुर रहमानलाई लाहोरको केही जग्गा दिलाएको दावी गरिएको छ । सो कार्य गर्दा शरिफ र दुई जना सरकारी उच्च अधिकारीले कानुनको उल्लघंन गर्दै शक्तिको दुरुपयोग गरेको आरोप लगाइएको छ । अन्य मुद्दासमेतमा आरोप लागेर दण्ड सजाय भोग्नु भएका शरिफले उपचारका लागि अदालतले अनुमति दिएपछि गत नोभेम्बरमा लण्डन गएका थिए ।

उनी उपचारका लागि चार हप्ताका लागि मात्रै अनुमति पाएपनि अहिलेसम्म बसिरहेका छन् । शरिफकी श्रीमतीको पनि दुई बर्ष अगाडि उपचारकै क्रममा लण्डनमा निधन भएको थियो ।

## चिनियाँविरुद्ध बहादुरी प्रस्तुत गरेको भन्दै पाँच भारतीय सेनालाई प्रशंसापत्र प्रदान

नयाँदिल्ली । भारतका सेना प्रमुख मनोज मुकुन्द नरवाणेले चिनियाँ सेनाविरुद्ध बहादुरी प्रस्तुत गरेको भन्दै आफ्ना पाँच सेनालाई प्रशंसापत्र प्रदान गरेका छन् । नरवाणे दुईदिने भ्रमणका लागि लद्दाख पुगेका थिए । उनले चिनियाँ सेनासँगको झडपका क्रममा घाइते भएका आफ्ना सेनालाई भेटेका थिए । सोही क्रममा पाँच सेनालाई बहादुरीको प्रशंसापत्र प्रदान गरिएको हो। यी पाँच सेनाले गलवान उपत्यका र पाङगोङ क्षेत्रमा चिनियाँ सेनाविरुद्ध बहादुरी प्रस्तुत गरेको नरवाणेले बताएका थिए । गतहप्ताको सोमबार लद्दाख नजिकको विवादित क्षेत्र गलवान उपत्यकामा भारतीय र चिनियाँ सेनाबीच झडप हुँदा २० भारतीय सेनाको मृत्यु हुँदा ७६ जना घाइते भएका थिए ।

## प्रधानमन्त्री मोदीद्वारा चट्याङ लागेर मृत्यु भएकाको परिवारप्रति समवेदना व्यक्त

नयाँदिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार भारी वर्षा र यसपछि परेको चट्याङ लागेर मृत्यु भएकाहरुको परिवारप्रति समवेदना प्रकट गरेका छन् । उनले सामाजिक सञ्जाल, ट्वीटरमार्फत बिहारलगायत भारतका उत्तरी राज्यहरुमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गरेका हुन । उनले ट्वीट गर्दै भनेका छन्- अविरल वर्षा र यसपछिको चट्याङमा परेर धेरै नागरिकको ज्यान गएको समाचार सुनेर मलाई निकै दुःख लागेको छ। भारतको बिहार र उत्तर प्रदेशका कैयौं जिल्लाहरुका लागि यहाँका मौसमविद्हरुले बिहीबार आगामी ७२ घण्टाको लागि मौसमी चेतावनी जारी गरेका छन्। भीषण वर्षा र हावाहुरी चल्ने चेतावनी दिइएको छ। बिहीबार बिहारलगायत भारतका उत्तरी राज्यहरुमा ७२ घण्टाका लागि मौसमी चेतावनी जारी गरिएको थियो।

नेपालको संविधान तथा फौजदारी अपराध (संहिता) ऐन लगायत विद्यमान कानुनहरुले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौजदारी कसुर ठहर्ने हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं/नगराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जिल्ला समाचार

### नेकपा र कांग्रेस कार्यकर्ताबीच झडप

सर्लाही । सर्लाहीको धनकौल गाउँपालिकामा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र नेपाली काँग्रेस (नेका) कार्यकर्ता बीच झडप भएको छ । झडपमा गोली चल्दा १८ जना घाइते भएको प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले बताए । आइतबार राति भएको झडपमा नेकपाका १५ र नेकाका तीन कार्यकर्ता घाइते भएको सर्लाहीका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मदन कुँवरले जानकारी दिए । झडपमा दुई जना प्रहरीसमेत घाइते भएको उनले बताए । झडप नियन्त्रणमा लिन प्रहरीले चार राउण्ड आश्रुग्यास प्रहार गरेको थियो। घटनास्थल अहिले शान्त रहेको र त्यहाँ व्यापक मात्रामा प्रहरी परिचालन गरिएको छ । जिल्लाको रामनगर गाउँपालिकामा नेकपा कार्यकर्ताको हत्या गरिएको विरोधमा धनकौल गाउँपालिकामा आइतबार साँझ ७ बजे निकालिएको मसाल जुलुसमा काँग्रेस कार्यकर्ताले गोली चलाएको नेकपाका स्थानीय नेता अजय सिंहले जानकारी दिए । आफ्ना कयौं नेता तथा कार्यकर्तालाई गोलीको छर्रा लागेको र लाठीको प्रहारबाट घाइते भएको नेता सिंहले जानकारी दिए । घटनाका घाइतेमध्ये केहीको बरहथवामा उपचार भइरहेको छ भने गम्भीर घाइतेलाई वीरगञ्जतर्फ पठाइएको उनले बताए। यता नेकपाका कार्यकर्ताले आफ्ना कार्यकर्तामाथि आक्रमण गरेको नेपाली काँग्रेसले आरोप लगाएको छ। नेकपाका कार्यकर्ताले निकालेको मसाल जुलुसले काँग्रेस कार्यकर्ता धिरु वर्माको घरअगाडि टायर बाल्नुका साथै कुटपिट गरेको नेपाली काँग्रेसका नेता एवं प्रदेशसभा सदस्य वीरेन्द्र सिंहले जानकारी दिए । नेकपा कार्यकर्ताको कुटाइबाट आफ्ना छ जना कार्यकर्ता घाइते भएको उनले बताए ।

### सप्तरीमा आधा दर्जन गाउँ डुबानको खतरामा

राजविराज । तीनचार दिनदेखि पूर्वी पहाडी र तराईका जिल्लामा लगातार परेको अविरल वर्षाका कारण सप्तरीको दक्षिणी भेगका आधा दर्जन गाउँ बाढीको डुबानमा पर्ने खतरा रहेको छ। यस वर्ष पनि वर्षा सुरु भइसकेकाले दक्षिणी भेगका तिलाठी, कोइलाडी, लोनियाँ, सकरपुरा, रम्पुरा र मल्हनियासहित आधा दर्जन गाउँ डुबानमा पर्ने खतरा रहेको तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले जानकारी दिए । सप्तरीमा चुरे क्षेत्र हुँदै बग्ने खाँडो, महुली, जिता, त्रियुगा, बलान, अमाहा, सुन्दरीलगायत दर्जनौं खोलामा आउने बाढीकै कारण हरेक वर्ष अधिकांश गाउँ डुबानमा परेर ठूलो धनजनको क्षति हुने गरेको छ । ती खोलामा बाढीको प्रवाह रोक्ने गरी दुवै किनारमा मजबुत तटबन्ध आवश्यक भए पनि कोरोना भाइरसका कारण तीन महिनादेखि काम नभएका कारण बाढी आउने खतरा रहेको स्थानीयवासी बताउँछन् । खाँडो खोलाको बाढीका कारण बर्सेनि डुबानको समस्या झेल्दै आएका तिलाठी कोइलाडी गाउँपालिका अहिले उच्च जोखिममा परेको जनाइएको छ। लकडाउनका कारण खाँडो नदीमा निर्माण हुने तटबन्ध समयमा निर्माण हुन नसकेका कारणले पनि तिलाडी कोइलाडी गाउँपालिका यस वर्ष पूर्णरुपमा डुबान हुने उनले बताए । खाँडो नदीले प्रत्येक वर्ष तिलाठी कोइलाडी गाउँपालिका-१ देखि ८ सम्म डुबान हुने गरेको बताउँदै बाढी आउनुभन्दा अघि नै यहाँको जनता सतर्कता अपनाउन पर्ने उनको आग्रह छ । यस्तै सप्तरीका सप्तकोसी, कञ्चनरूप, हनुमाननगर कङ्कालिनी, राजविराज नगरपालिकाका साथै अग्निसाइर, कृष्णासवरण, महेदवा, तिरहुत र रुपनी गाउँपालिकाका दर्जनौं गाउँबस्ती प्रत्येक वर्ष डुबानमा पर्ने गरेका छन् ।

### प्रदेश २ मा प्रदेश सञ्चार विधेयक पारित

जनकपुरधाम । प्रदेश २ मा प्रदेश सञ्चार विधेयक सर्वसम्मतले पारित भएको छ । झण्डै दुई वर्ष पहिले प्रस्तुत भएको विधेयक प्रदेशसभाबाट शनिबार पारित भएको हो । प्रदेश सरकारले सदनमा प्रस्तुत गरेको सञ्चार विधेयकमाथि संचारकर्मीहरुले विरोध जनाएपछि केही दफामा संशोधन गर्दै संचार विधेयकलाई पारित गरिएको हो। प्रदेश सरकारले शुरुमा ल्याएको विधेयकमा गलत सूचना प्रवाह गर्ने संचारमाध्यम तथा संचारकर्मीलाई ५० लाखदेखि १ करोडसम्म जरिवाना गर्ने प्रावधान समेटिएको थियो। उक्त व्यवस्थाको चौतर्फी आलोचना भएपछि केही धारामा संशोधन तथा केही धाराहरु नै हटाइएको आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवले जानकारी दिए । विधेयकबाट ५० लाखदेखि एक करोडसम्म जरिवानाको व्यवस्थालाई हटाएर १० देखि २० हजारसम्म जरिवाना कायम गरिएको छ।

### पहिरोका कारण सडक अवरोध

कपिलवस्तु । मकालु गाउँपालिका-३ सम्मटारस्थित बुधबार दिउँसो आएको अबिरल वर्षाको कारण स्वामी नारायण कन्स्ट्रक्सनले बनाउँदै गरेको निर्माणाधिन कोशी सडक(खण्डमा सडक अन्दाजी ५ सय मिटर ठाउँ ठाउँमा चर्की दबेकोले सवारी आवागमन पूर्णरुपमा अवरोध भएको छ। ईलाका प्रहरी कार्यालय हेदाङ्नाबाट खटिएको प्रहरीले सडक बनाउनेतर्फ आवश्यक समन्वय गरिरहेको छ ।

### लागूऔषधसहित युवक पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-८ डेरा गरी बस्नेबैतडीपाटन नगरपालिका-३ घर भएका २९ वर्षीयरबिन पाण्डेयलाई अवैध लागूऔषध खैरो हिरोइन जस्तोदेखिने पदार्थ करिब ४ सय ५० मिलिग्राम सहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उनको डेरा कोठामा लागूऔषध लुकाईछिपाई राखेकोभन्ने खबरप्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले कोठा तलासी गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।

### रूपन्देहीमा सवारी दुर्घटनामा तीनको मृत्यु

रुपन्देही । रुपन्देहीको दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा तीन जनाको ज्यान गएको छ। सैनामैनानगरपालिका-८ शान्तीटोलस्थित सडकमा लु.२ च ८५२९ नम्बरको कार र लु.५२ प ६२२९ नम्बरको मोटरसाइकल एक-आपसमा ठक्कर खाई सोमबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार २ जनाको मृत्यु भएको छ। दुर्घटनामा मोटरसाइकल चालकसोही नगरपालिका-१ बनकट्टा बस्ने ३२ वर्षीय सन्तोष परियार रमोटरसाइकलमा सवार उनकै बुवा ५० वर्षीय टेक बहादुर परियारको उपचारको क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएको प्रहरीले जनाएको छ। साथै दुर्घटनामा घाइते भएका कारमा सवार एक जनाको सोही अस्पतालमा उपचार भइरहेको छ। कार रचालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी तिलोत्तमा नगरपालिका-९ पुरानो सडकमा लु.१७ प ३१७५ नम्बरको मोटरसाकलको ठक्करबाट साईकलयात्री सोही ठाउँ बस्ने ६५ वर्षीय दिलमान राईको सोमबार राति मृत्यु भएको छ । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### नुहाउन जाने क्रममा लडेर मृत्यु

मोरङ । धनपालथान गाउँपालिका ६ बस्ने २५ वर्षीय भोला रायको नुहाउन जाने क्रममा लडेर मंगलबार बिहान मृत्यु भएको छ । आफ्नै घर छेउमा रहेको कलमा नुहाउन जाने क्रममा एक्कासी लडेर वेहोस अवस्थामा उनी फेला परेका थिए। उनको उपचारको लागि विराटनगरस्थित कोशी अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### गिरिजा प्रसाद कोइरालाको जन्मयन्ती

वीरगंज । नेपाली राजनितिका शिखर पुरुष स्वर्गीय गिरिजा प्रसाद कोईरालाको जन्म जयन्तिको अवसरमा जी.पी कोईराला फाउण्डेशन पर्साले वीरगंजमा विभिन्न तीन दिवसिय र्कायक्रमको आयोजना गरेको छ । स्वर्गिय गिरिजा प्रसाद कोईरालाको ९६औं जन्म जयन्तिको अवसरमा मानव सेवा आश्रममा आज दिवा खाना तथा राहत स्वरुप चामल दुई बोरा, मिठाई,आप १ करेट आश्रममा प्रदान गरिएको छ । जी.पी कोईराला फाउण्डेशन पर्साले कोईरालाको जन्मोत्सवको अवसरमा तीन दिवशिय र्कायक्रमको घोषना गरेको छ। पहिले दिनको र्कायक्रममा मानव सेवा आश्रममा औपचारिक र्कायक्रमलाई सम्बोधन गर्दै फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुदिनले गिरिजा प्रसाद कोईरालाको योगदान स्मरणिय रहने बताए । कोईरालाले देखाएको सहमति सहकार्य र एकताको खाचो अहिले पनि उतिकै रहेको सभापति सहाबुदिनले बताए । जी.पी फाउण्डेशन पर्साका सचिव धिरज गुप्ताले गिरीजा प्रसाद कोईरालाको राजनितिक चेतना अहिले पनि उतिकै सान्दर्भिक रहेको जिकिर गरेका थिए ।

### जबरजस्ती करणी गर्ने पक्राउ

कपिलवस्तु । १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा शुद्धोधन गाउँपालिका-१ सोहसा बस्ने ३४ वर्षीय दामोदर थारुलाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । थारुले ती किशोरीको घरमा कोही नभएको अवस्थामा ट्वाईलेटमा लगि जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बगदी र ईलाका प्रहरी कार्यालय पकडीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# भारतमा ‘आर्टिस्ट इन क्वारेन्टिन’ कला प्रतियोगिता हुने

काठमाडौं । रोटराक्ट क्लब अफ पाटन साउथले भारतस्थित रोटराक्ट क्लब अफ अम्बरनाथ, मुम्बई र रोटराक्ट क्लब अफ इस्ट कोस्टचेन्नईसँगको सहकार्यमा ‘आर्टिस्ट इन क्वारेन्टिन नामक आर्ट फेस्टिवल आयोजना गर्ने भएको छ । कोभिड-१९ महामारी र क्वारेन्टिनको विषयलाई आफ्नो रेखाचित्र, स्केच, पेंटिङ र डिजिटल आर्टद्वारा कलात्मक दृष्टिकोण प्रदान गर्न कलाकारहरुलाई फेस्टिबलमा सहभागी हुन आमन्त्रण गरिएको छ ।

रोटराक्टले विज्ञप्तिमा भनेको छ, ‘प्रतियोगिताको निर्णय, हाम्रो निर्णायक मण्डलबाट नेपालका सम्मानीय कलाकार चिराग बांग्देल र भारतका कलाकार तन्हा परदेशीबाट हुनेछ । निर्णायक मण्डलद्वारा घोषणा गरिएको उत्कृष्ट कलाकृतिलाई नेपाल र भारतका प्रमुख पत्रपत्रिकाहरुमा प्रकाशन गरिनेछ ।’

कलाकारहरुले आफ्नो कलामा कोभिड-१९ महामारीले गर्दा जीवनशैली र आर्थिक गतिविधिमा आएको परिवर्तन, लकडाउनमा घटेका घटनाहरु र आइसोलेसन वार्डमा समय बिताइरहेका मानिसहरुको भावनालाई समेट्न सक्ने रोटराक्टले जनाएको छ । कलाकारहरुले असार २८ अर्थात् जुलाई १४ सम्म आफ्नो कलाकृति पठाइ सक्नुपर्नेछ ।

## भारतमा टिकटकसहित ५९ चिनियाँ एप्समाथि प्रतिबन्ध

नयाँदिल्ली । चिनियाँ कम्पनीले तयार पारेको एप्स टिकटकमा भारतमा प्रतिबन्ध लगाइएको छ । भारत र चीनको सीमा विवादले हिंसात्मक रुप लिएपछि भारतमा टिकटकसँगै अन्य ५८ वटा एप्स प्रतिबन्धित बनेका हुन् । तीमध्ये अधिकांश चिनियाँ नै छन् ।

टिकटक चिनियाँ कम्पनी बाइटडान्सले विकास गरेको हो । छोटो भिडिओ बनाएर अभिनय गरिने टिकटक पछिल्लो समय युवा पुस्तामा अत्याधिक लोकप्रिय छ । यस कम्पनीले चीन सरकारसँगको सम्बन्धको कुरा भने अस्वीकार गर्दैआएको छ ।

भारत सरकारले हालै उक्त एप्सलाई बन्द गरेको जनाएको हो । यससँगै ५८ वटा एप्स बन्द गरिएका छन् । जहाँ अलिबाबाको यूसी ब्राउजर र टिन्सेन्टको वीच्याट पनि छन् । भारत सरकारको सूचना तथा प्रविधि मन्त्रालयले सुरक्षा कारण देखाउँदै यस्ता एप्स बन्द गरेको जनाएको हो । लद्दाख झडपको एक महिना नबित्दै भारत सरकारले चिनियाँ कम्पनीका उत्पादनमाथि यस्तो प्रतिबन्ध लगाएको हो ।

जुन महिनाको सुरुमा लद्दाखस्थित गलवान क्षेत्रमा भारत र चीनका सेनाबीच झडप हुँदा २० जना भारतीय सैनिक मारिएका थिए । फलस्वरुप भारतमा चीनविरोधी प्रदर्शन समेत भएका छन् । लोकप्रिय एप्स टिकटकका २ सय मिलियन प्रयोगकर्ता छन् ।

## पाकिस्तान अझै पनि आतंकवादीको सुरक्षित स्थलः अमेरिका

काठमाडौं । अमेरिकाले पाकिस्तान अझै पनि आतंकवादीहरुको सुरक्षित रहेको बताएको छ । अमेरिकी विदेश मन्त्रालयको एक रिपोर्टमा पाकिस्तान र आतंकवादीको सम्बन्धबारे चर्चा गरिएको हो ।

यो रिपोर्ट अमेरिकी संसदमा समेत पेश गरिएको छ । जस अनुसार अफगानिस्तान हमलामा हात रहेको तालिबानलाई पाकिस्तानको समर्थन जारी रहेको पनि बताइएको छ । पाकिस्तानमा हक्कानी नेटवर्क, लश्कर-ए-तैयबा र जैश-ए-मोहम्मद जस्ता आतंकवादी संगठनहरु खुलेआम काम गरिरहेका छन् । ‘कन्ट्री रिपोर्ट अन टेरोरिज्म २०१९’ मा पनि पाकिस्तानले आतंकवादी संगठनलाई दिइने कोष र यसलाई नियन्त्रण गर्ने विषयमा कुनै चासो नै नदेखाएको उल्लेख गरिएको छ । गत वर्षको फेब्रुअरीमा भारतको पुलवामामा पाकिस्तानी आतंकवादीले ठूलो हमला गरेर ४९ जना भारतीय सुरक्षाकर्मीको ज्यान लिएको थियो । पाकिस्तानले ती आतंकवादी समूहलाई कार्वाही गर्नुको सट्टा संरक्षण गरिरहेको दावी अमेरिकाको हो । यसले भारत र अफगानिस्तानका लागि सदैव खतरा गराइरहने पनि अमेरिकाको दावी छ ।

# भारतमा चिनियाँ सामानको बहिस्कार अभियान जारी

नयाँदिल्ली । चीन र भारतबीच सीमाक्षेत्रमा समस्या उत्पन्न भएसँगै लोकप्रिय एप्स टिकटकमाथि भारत सरकारले प्रतिबन्ध लगाएको छ । टिकटकले भने भारतीय टिकटक प्रयोगकर्ताका निजी गोपनीय तथ्याँक चीन सरकारलाई उपलब्ध गराएको भन्ने आरोप अस्वीकार गरेको छ । भारतका टिकटक प्रमुख निखिल गान्धीले एक विज्ञप्ति प्रकाशन गरी टिकटकले भारतीय कानुन बमोजिम प्रयोगकर्ताका सबै तथ्याँक विवरणलाई सुरक्षित राखेको बताएका छन् । उनले टिकटकका प्रयोगकर्ताका कुनै पनि विवरणलाई चीन सरकार समेतका कुनै विदेशी सरकारलाई नदिइएको स्पष्ट गरे । गान्धीले भविष्यमा समेत कुनै सरकारले प्रयोगकर्ताका विवरणका लागि अनुरोध भएमा पनि नदिइने बताउँदै टिकटकले प्रयोगकर्ताको गोपनीयतालाई सर्वाधिक महत्व दिइरहेको स्पष्ट गरे । उनले भारत सरकारले आफूलाई गोप्यताका विषयमा छलफल गर्न आमन्त्रण गरेको पनि जानकारी दिए ।

टिकटक चीनको बाइट-डान्स कम्पनीले निर्माण गरेको हो । प्रधानमन्त्री नरेन्द्र मोदीको भारत सरकारले सोमबार अबेर ५९ वटा चिनियाँ मोबाइल एप्समाथि एकैसाथ प्रतिबन्ध लगाएको थियो जसमा टिकटक पनि समावेश छ ।

एक अनुमान अनुसार भारतमा टिकटकका करिब एक करोड २० लाख प्रयोगकर्ता छन् । टिकटकका चीन बाहेक सबैभन्दा बढी ग्राहक भारतमा रहेका छन् ।

भारतीय सूचना प्रविधि मन्त्रालयले चिनियाँ एप्सका कारण भारतको सार्वभौमिकता र अखण्डता, भारतको सुरक्षा, राज्यहरुको सुरक्षा एवं सार्वजनिक जीवनमा चुनौती उत्पन्न भएको जनाएको छ ।

चीन र भारतीय फौजबीच लद्दाखमा गत जुन १५ मा भएको झडपमा २० जना भारतीय सैनिकको मृत्यु भएपछि दुबै देशबीच तनाबको स्थिति छ । यस क्षेत्रमा अहिले अतिरिक्त सुरक्षाफौज, लडाकू बिमान र अन्य उपकरण तैनाथ गर्नेक्रम जारी छ ।

## समस्या समाधानका लागि चीन आफ्नो तर्फ फर्किनु पर्ने माग

नयाँ दिल्ली । चीनका लागि भारतीय राजदूतले सीमा विवादलाई लिएर चीनले आफ्नो जिम्मेवारी बुझ्नु पर्ने र सैनिकको उपस्थिति एलएसीको आफ्नो भाग तर्फ मात्रै गर्नु पर्ने बताएका छन् ।

समाचार संस्था पिटिआईका अनुसार चीनका लागि भारतीय राजदूत विक्रम मिस्रीले तनाव कम गर्न तथा डिसइन्जेग गर्नका लागि चीनले आफ्नो जिम्मेवारी बुझेर वास्तविक नियन्त्रण रेखा (एलएसी) को आफ्नो तर्फ फिर्ता आउने अपेक्षा रहेको बताएका हुन् ।

पिटिआईका अनुसार राजदूत मिस्रीले भनेका छन्, ‘भारतले जहिले पनि एलएसीको आफ्नो तर्फ रहेर काम गरेको छ । चिनियाँ सैनिकले जुन कदम उठायो त्यसले दुई देशबिचको सम्बन्धमा विश्वासको कमी उत्पन्न भएको छ ।’ उनले भनेका छन्, ‘दुई देशबिचको सम्बन्धलाई गम्भीर रुपमा लिएर कुन मार्गमा अघि बढ्ने भन्ने कुरा पूर्ण रुपमा चीनको जिम्मेवारीको विषय हो ।’ एलएसी पार गरेर भारत तर्फ आउने र निर्माण कार्य गर्न चीनले बन्द गर्नु पर्ने राजदूतले बताएका छन् । एलएसीमा तनाव कम गर्ने एक मात्र विकल्प भनेको चीनले नयाँ निर्माण कार्य रोक्नु नै रहेको उनको भनाई छ । सीमा विवादलाई लिएर जनु १५ राति पूर्वी लद्दाखको एलएसी क्षेत्रमा भारत र चीनका सैनिकबिच भिडन्त भएको थियो । त्यसमा भारतीय सैनिकका एक उच्च अधिकारीसहित २० जनाको निधन भएको थियो । त्यसपछि तनाव कम गर्नका लागि सैन्य तथा कूटनीतिक तहमा वार्ता भइरहेका छन् ।

## तीन पटकसम्म वार्ताका लागि प्रयास गरेपनि भारतले मानेनः मन्त्री ज्ञवाली

काठमाडौं । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले सीमा विवादबारे छलफलका लागि नेपालले पटक-पटक कोशिस गरे पनि भारतले इच्छा नदेखाएको बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को जारी स्थायी कमिटी बैठकमा बोल्दै मन्त्री ज्ञवालीले भारतले नेपाली भूभाग समेटेर राजनीतिक नक्शा सार्वजनिक गरेपछि गत नोभेम्बर, डिसेम्बर र जनवरीमा वार्ताका लागि कोशिस गरेको जानकारी दिए । मन्त्री ज्ञवालीले गत नोभेम्बर, डिसेम्बर र जनवरी तीन पटक पत्र पठाउँदा पनि भारतले चासो नदिएको तर सरकारले वार्ताका लागि पहल गरिरहेको बैठकमा बताए । उनले चीनले सीमा मिचेको भनेर पछिल्लो समय मिडियामा आएका समाचार भने गलत रहेको पनि दाबी बैठकमा गरेका थिए । भारतको अनिच्छाकै बीचमा पनि नेपालले सीमा समस्या समाधानका लागि निरन्तर पहल गरिरहेको उनको भनाइ छ । बैठक भारतसँगको सीमा विवादको विषयमा केन्द्रित रहेको छ ।

## भारतलगायतका देशमा चिनियाँ चुनौती बढ्यो : अमेरिका

काठमाडौं । भारत तथा दक्षिण पूर्वी एशियाली देशहरुमा बढ्दो चिनियाँ चुनौतीका कारण युरोपमा अमेरिकी सेना कटौति गर्नुपरेको अमेरिकी विदेश मन्त्री माइक पोम्पेओले बताएका छन् । ब्रसेल्स फोरमलाई सम्बोधन गर्दै पोम्पेओले सामरिक आवश्यकताका कारण युरोपमा सेना घटाएर अरु क्षेत्रमा लैजानु परेको बताए ।

भारत र चिनियाँ सैनिकबीच जुन १५ मा सीमावर्ती लद्दाखको वास्तविक नियन्त्रण रेखा (एलएसी) मा भिडन्त हुँदा २० भारतीय सैनिक मारिएका थिए । चिनियाँ पक्षको क्षतिबारे आधिकारिक रुपमा केही बताइएको छैन ।

जर्मनीमा अमेरिकी सैनिकको संख्या किन घटाइएको भन्ने सम्बन्धमा पोम्पेओले ती सेना अरु क्षेत्रमा पठाइएको बताए । चीनका कारण भारत, भियतनाम, मलेसिया, इन्डोनेसिया र साउथ चाइना सीमामा चुनौती बढेको भन्दै विदेश मन्त्री पोम्पेओले भने, ‘हामीले अमेरिकी सैनिकहरु आवश्यकता र प्राथमिकताअनुसार तैनाथ होस् भन्नेमा विशेष ख्याल गर्ने गरेका छौं ।’

पोम्पेओले चीनको सत्तारुढ कम्युनिष्ट पार्टी अफ चाइना (सिपिसी) खराब रहेको आरोप लगाउँदै चीनको विषयमा युरोपियन युनियनसँग वार्ता गरिने पनि बताए । चीनमाथि कडा निर्णय लिनुपर्ने उनको भनाइ छ ।

## चिनियाँ अधिकारीमाथि अमेरिकाले भिसा प्रतिबन्ध लगाउने

काठमाडौं । अमेरिकाका विदेश मन्त्री माइक पोम्पेओले चिनियाँ कम्युनिष्ट पार्टी (सिसिपी) का अधिकारीमाथि भिसा प्रतिबन्ध लगाउने तयारी गरेको बताएका छन् । नयाँ सुरक्षा कानून ल्याएर हङकङको स्वतन्त्रता कमजोर बनाएको भन्दै अमेरिकाले चिनियाँ कम्युनिष्ट पार्टीका अधिकारीलाई भिसा नदिने तयारी गरेको उनले बताए । नयाँ प्रतिबन्ध सिसिपीका वर्तमान तथा पूर्व अधिकारीमाथि केन्द्रित रहने विदेश मन्त्री पोम्पेओले बताए । यसअघि राष्ट्रपति डोनाल्ड ट्रम्पले हङकङको स्वायत्तता कमजोर बनाउने चिनियाँ अधिकारीलाई दण्ड दिने बताएका थिए । सोही अनुसार पोम्पेओको भनाई आएको हो । केही दिनपछि चीनको संसद बैठक बस्दैछ ।

# नागरिकता विधेयकमा...

मधेशी समुदायले यसलाई आफ्नो राजनीतिक, सामाजिक र सांस्कृतिक अधिकारमा कटौती गरिएको रूपमा बुझेको छ । त्यही असन्तुष्टि बन्दै गएको जनमतलाई आकर्षित गर्न मधेशलाई केन्द्र बनाएको जनता समाजवादी पार्टीभन्दा कांग्रेस अग्रगामी बन्नुपर्ने धारणा पार्टीभित्र सशक्त छ । जसको नेतृत्व उपसभापति विमलेन्द्र निधिले गर्दै आएका छन् ।

नागरिकता विधेयकप्रति पार्टीमा अरू दुई विचार पनि छन् । एउटा, अन्तर्राष्ट्रिय अभ्यास र नेपालको भूराजनीतिको अवस्था ख्याल गर्दै विवाह गरेर ल्याउनासाथ अंगीकृत नागरिकता दिन व्यावहारिक नहुने पक्षमा छ । पार्टीले अहिले लिएको अडानले पहाडी जनमत कांग्रेसप्रति नकारात्मक बनेको भन्दै केही नेताहरुले नेतृत्वको ध्यान खिचेका छन् ।

अर्को आवाज छ- संवैधानिक बाटोअनुसार पार्टीले विचार निर्माण गर्नुपर्ने । संविधानको धारा ११ को उपधारा ६ अनुसार ‘नेपाली नागरिकसँग विवाह सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहे संघीय कानुनबमोजिम अंगीकृत नागरिकता लिन सक्ने’ व्यवस्था छ । यो व्यवस्थाका कारण संसद्ले अघि बढाएको विधेयकलाई असंवैधानिक भन्न नमिल्ने तर्क उनीहरूको थियो । संवैधानिक रूपमा कमजोर मुद्दा उठाउँदा परिणाम हासिल गर्न नसक्ने र जनमत पनि गुमाउने अवस्था आउने नेताहरुको भनाइ छ ।

केन्द्रीय सदस्यहरू केसी, महेश आचार्य, रमेश लेखक, प्रदीप पौडेल, हरि नेपालसहितका नेताहरूले संवैधानिक भावनाअनुसार नै कांग्रेसले अडान राख्नुपर्ने, संवैधानिक रूपमा तल परिने अवस्था आए सम्झौता गरेर अघि बढ्नुपर्ने पक्षमा छन् । नेपाली महिलासँग विवाह गरी आउने विदेशी पुरुष नेपालमै बस्न चाहे उसले १५ वर्षपछि मात्रै वैवाहिक अंगीकृत नागरिकता पाउने व्यवस्था विधेयकमा छ । विदेशी बुहारीले भने सात वर्षमै अंगीकृत नागरिकता पाउने प्रावधानले लैंगिक असमानता निम्त्याउने उनीहरूको भनाइ छ ।

पहाडी जनमतलाई खुसी पार्ने कि मधेशको जनमतलाई आफूतिर तान्ने भन्ने रस्साकसीबीच पार्टीले मधेशकै भावनाको पक्षमा निर्णय लिएको छ । पहाडभन्दा मधेश कांग्रेसको भोट बैंक भएको तर्कसमेत केही नेताको छ ।

सरकारले नागरिकता विधेयक जर्बजस्ती पारित गरे अदालत जाने र फैसला आफ्नो पक्षमा नभए त्यही मुद्दा लिएर मधेश पुग्ने योजनामा नेताहरू छन् ।




## आर्थिक समाचार

### खल्तीले ल्यायो दुई गुणा अफर

काठमाडौं । डिजिटल पेमेन्टलाई प्रोत्साहन गर्ने उद्देश्यले खल्ती डिजिटल वालेटले मोवाइल एप र खल्ती डटकम वेवपेजमार्फत कारोबार गर्ने ग्राहकहरूका लागि ‘खल्तीको दुई गुणा अफर नामको प्रवर्धनात्मक योजना ल्याएको छ । यही असार १७ देखि ११ दिनसम्म चल्ने योजनामा ग्राहकले आफूले पठाएको रकम दोब्बर बनाउने अबसर पाउने छन् । बिजेताको वालेटमा खल्तीले ग्राहकले पठाएजति नै रकम जम्मा गरिदिने छ । विजेता नबन्नेहरूले आफूले पठाएजति रकम असार ३१ भित्र वालेटमै फिर्ता पाउने छन् । योजना अबधिमा। १० रूपैयाँदेखी ५०० रूपैयाँसम्म पठाउनेको मात्र नगद दोब्बर हुनेछ ।

योजनामा सहभागी हुनेले असार २७ सम्म आफ्नो ग्राहकको व्यक्तिगत विवरण प्रभाणित गरिसक्नु पर्नेछ, प्रवर्धनात्मक योजनामा खल्ती को सबै प्रयोगकर्ता साथै एजेन्टहरू पनि सहभागी हुन सक्ने छन् । ११ दिनको अबधिमा रकम पठाउनेमध्ये ५० जना बिजेताको घोषणा असार २८ मा हुनेछ । विजेतालाइ ग्राहकहरूले पठाएको रकममा त्यती नै रकम (अधिकतम रु. ५०० मात्र) थपेर खल्तीले विजेताकै खातामा उपलब्ध गराउनेछ, बिजेता नबन्ने सबै सहभागीहरुको रकम खल्तीले असार ३१ भित्र उनीहरूको डिजिटल वालेटमै फिर्ता गरिदिनेछ , यस योजनामा खल्तीका प्रयोगकर्ता हरेकले जति पटक पनि सहभागिता जनाउन पाउनेछन् । खल्तीका प्रयोगकर्ताले एसएमएसमार्फत अफलाइन कारोबार पनि गर्न सक्ने छन् ।

हामीले नगदको सट्टा डिजिटलमाध्यमबाट कारोबार गर्न ग्राहकलाई प्रोत्साहन गर्न योजना ल्याएका हौं । सबै खल्ती प्रयोगकर्ताले योजनामा सहभागी भएर मौकाको फाइदा उठाउनुहोस भन्ने आग्रह छ, खल्तीका सहायक प्रबन्धक अनिल कार्कीले भन्नु भयो, मोवाइलबाटै नगद कारोबार गर्न सकिने सजिलो, सुरक्षित र छिटो प्रविधिलाइ सरकारले समेत प्रोत्साहन गरिरहेको छ । डिजिटल नेपाल बनाउने सरकारको अबधारणालाई सहयोग गर्न पनि हामीले यस प्रकारको योजना सुरू गरेका हौं । खल्तीले आफ्नो नारा नै डिजिटल नेपाल, समृद्धिको महाअभियान बनाएको छ ।

## स्वदेशी उत्पादन प्रयोग गर्न भारतीय प्रधानमन्त्री मोदीको आग्रह

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न आफ्ना देशका नागरिकहरुलाई आग्रह गरेका छन् । यसअघि पनि पटक पटक स्वदेशी उत्पादन प्रयोग गर्न अपिल गर्दै आएका प्रधानमन्त्री मोदीले आइतबार फेरी दोहोऱ्याएर स्वदेशी उत्पादन प्रयोगका लागि आग्रह गरेका हुन् । स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नेगरी देशभरी ‘भोकल फर लोकल’ अर्थात् स्थानीयलाई नै महत्व दिऔं भन्ने अभियान चलाइएको पनि उनले बताए । स्थानीय तथा स्वदेशी उत्पादनलाई प्रयोग गर्ने प्रवृत्ति बढ्नासाथ राष्ट्र बलियो बन्ने प्रधानमन्त्री मोदीको भनाइ छ । मासिक नियमित कार्यक्रम ‘मन की बात’को ६६ श्रृङ्खलामा बोल्ने क्रममा उनले भने, ‘यदि तपाईले स्थानीय उत्पादनलाई जोड दिनुभयो भने देश बलियो हुनेछ ।’ आइतबार भारतीय नागरिकहरु स्थानीयको आवाज बन्नु पर्नेमा प्रधानमन्त्री मोदीले जोड दिएका थिए । भारतलाई हरेक उत्पादनमा आत्मनिर्भर स्वाबलम्वी बनाउने उद्देश्य सरकारले लिएको बताउँदै मोदीले त्यसका लागि आत्मनिर्भर भारत अभियान चलाइएको जानकारी दिए ।

## भारतलाई हतियार दिन रूस तयार

नयाँदिल्ली । भारत र चीनबीच तनाव बढेपछि भारतको रक्षाका लागि सहयोग गर्न रुस तयार भएको छ । ‘द हिन्दु’ अंग्रेजी पत्रिकाका अनुसार हालै भारतीय रक्षामन्त्री राजनाथ सिंहको रुस भ्रमणका क्रममा उक्त सम्झौता भएको हो । सम्झौतामा एके-२०३ एसल्ट राइफल र का-२२६ टी लाइट युटिलिटी हेलिकप्टर पनि सहयोग गर्ने सहमति भएको छ । रिपोर्टअनुसार भारतले रक्षा सम्झौतालाई ढिलाई नगर्न अनुरोध गरेको छ भने रुसले पनि आगामी केही महिनाभित्रै काम सम्पन्न गरिसक्नेमा भारतलाई विश्वस्त तुल्याएको छ । भ्रमणका क्रममा रक्षामन्त्री सिंहले रुसका उपप्रधानमन्त्री युर्य बोरिससँग भेटवार्ता गरेका थिए । भारत र चीनका सेनाबीच लद्दाखमा भिडन्त भएपछि हतियारका लागि भारतले रुससँग सम्झौता गरेको हो । अहिले भारत र चीन दुवै देशका सीमामा सेना र सुरक्षाका विभिन्न उपकरण तयारी अवस्थामा राखिएका छन् ।

सम्झौताअनुसार एस-४०० को वितरण तोकिएको समयमा सन् २०२१ को अन्त्यसम्म सुरु हुनेछ । यसका साथै भारतलाई सहयोग गर्न चाहने अन्य देशहरूले पनि हतियार सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । ‘द इकोनोमिक टाइम्स’मा उल्लेख भएअनुसार फ्रान्सले आगामी महिनासम्म राइफल जेट वितरण गर्ने वाचा गरेको छ । इजरायलबाट पनि भारतले छिट्टै एयर डिफेन्स सिस्टम पाउने आशा गरेको छ । अमेरिकाले पनि तोपहरू पठाउने भएको छ भने रुसले चाँडै एक अर्ब डलरको हतियार र युद्धका उपकरणहरू पठाउने भएको छ । उक्त पत्रिकाका अनुसार पहिलो लटमा अत्यधिक उन्नत खालको राइफल लडाकु विमानमार्फत जुलाई २७ तारिखमा भारतमा आइपुग्ने भएको छ ।

## सीमा विवादलाई अन्तर्राष्ट्रियकरण गर्न नेकपा नेताहरूको माग

काठमाडौं । नेकपा स्थायी समिति बैठकमा बोल्ने अधिकांश नेताहरुले भारतले मिचेको नेपालको भू-भाग तत्काल फिर्ता ल्याउने तत्काल कूटनीतिक पहल सुरु गर्न आग्रह गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा बैठकको तेस्रो दिन बोल्ने केही नेताहरुले भारतले मिचेको जमिन फिर्ताको लागि यो विषयलाई अन्तर्राष्ट्रियकरण गरेर जानुपर्ने बताएका छन् ।

सरकारले भारतले मिचेको लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटेर नयाँ नक्सा जारी गरेपछि पहिलोपटक बसेको नेकपा स्थायी समिति बैठकमा जमिन फिर्ताको लागि अन्तर्राष्ट्रियकरण गर्न केही नेताले सुझाब दिएका हुन् । नेताहरु देवेन्द्र पौडेले, सुरेन्द्र पाण्डे, सुवास नेम्वाङ, जनार्दन शर्मा, गिरिराजमणि पोखरेल, रघुजी पन्त, टोपबहादुर रायमाझी, सत्यनारायण मण्डल, युवराज ज्ञवाली, नन्दकुमार प्रसाईं, लेखराज भट्ट, मणि थापा, वामदेव गौतम, पृथ्वीसुब्बा गुरुङ, घनश्याम भुसाल, ईश्वर पोखरेल, लेखराज भट्ट, शक्ति बस्नेत, योगेश भट्टराई, विष्णुपुकार श्रेष्ठ र पुष्प कँडेलले त्यस्तो सुझाव दिएका हुन् ।

## प्रधानमन्त्री ओलीले ‘भारतको स्वार्थ’ लाई बिगारे : भारतीय पत्रिका

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीभित्र प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा मागिएको विषय भारतको मिडियामा प्राथमिक खबर बनेको छ । आज टाइम्स अफ इन्डियाको अनलाइन संस्करणले ‘ओलीले विद्रोहको सामना गरेकोलाई भारतले नियालिरहेको’ शिर्षकमा मुख्य समाचार बनाएको छ । टाइम्स अफ इन्डियाले नेपालको मिडिया रिपोर्ट भन्दै ओलीले पार्टीभित्र राजीनामा मागिएपछि चुनौती झेलिरहेको लेखेको छ । चीनले नेपाली भुमि अतिक्रमण गरेको र नेपालको परराष्ट्र मन्त्रालयले उक्त खबरको खण्डन गरेको विषयलाई भारतले नजिकबाट नियालिरहेको समेत लेखेको छ । नेकपा स्थायी कमिटि बैठकमा अध्यक्षद्वय ओली र प्रचण्डबीच आरोप प्रत्यारोप भएको विषय पनि उल्लेख गरेको छ ।

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं